वर्ष : १३, अंक : ५०, काठमाडौं, २०७४ चैत २३ गते शुक्रबार 6 April 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

शुल्क	सेवा
रू. ५०००/– (पाँच हजार मात्र)	फोन, फ्याक्स, इमेल

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६१९४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

प्रधानमन्त्रीको भारत भ्रमण आजबाट

सम्झौता कार्यान्वयन र सम्बन्ध सुधार नै पहिलो प्राथमिकता

मधेशवाणी डेस्क

काठमाडौं । निर्वाचनपछिको नयाँ सरकारको नेतृत्व गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले आज (शुक्रबार) देखि छिमेकी मित्रराष्ट्र भारतको राजकीय भ्रमणमा जाँदैछन ।

राष्ट्रिय हित र चासोलाई प्राथमिकता दिई बिगतका सम्झौताको प्रभावकारी कार्यान्वयनमा उनको भ्रमण केन्द्रित रहने छ ।

ओलीको भ्रमण दुई देशबीचको सम्बन्धलाई प्रगाढ बढाउने र केही असमझदारी हटाउन केन्द्रित हुन सक्छ । बिगतमा पनि ओलीले असमझदारी छलफलका माध्यमले हटाउन सकिने विषय राखेका थिए । सार्वभौम राष्ट्रहरू त्यसमाथि पनि छिमेकी मुलुकहरूबीच असमझदारी स्वाभाविक हो । तर त्यसलाई आपसी सुझबुझ र कुटनीतिको माध्यमबाट हटाउनु नै अहिलेको आवश्यक्ता हो ।

नयाँ संबिधानअनुसार प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनपछि बाम गठबन्धनको नेतृत्वमा बनेको सरकारले लिएको विकास र समृद्धिको चाहनालाई छिमेकी मुलुकसँगको सम्बन्धलाई थप प्रगाढ बनाई ती मुलुकलाई बिकासमा साझेदार बनाउनुपर्ने ओली नेतृत्वको सरकारको जिम्मेवारी हो ।

प्रधानमन्त्री ओली स्वयंले नयाँ सहमतिभन्दा बिगतका सहमति र प्रतिबद्धताको कार्यान्वयनमा ध्यान दिने अभिव्यक्ति दिँदै आएको सन्दर्भमा नेपालको आफ्नो राष्ट्रिय हित र चासो नै प्रधानमन्त्री ओलीको भारत भ्रमणको प्रमुख कार्यसूची हुनुपर्छ ।

संबिधानमा सबैको अपनत्व होस् भन्ने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चाहना हो । त्यसमा केही असन्तुष्टि भारतीय पक्षले पोख्दा समस्याहरू आएका थिए । तर, यही संबिधानमा टेकेर भएको तीन तहको चुनावमा भारतीय सहयोग र सदभावले संबिधानप्रति उसको सम्मान देखिइसकेको छ । चुनावमा सहयोग गर्नु नै भारतको संबिधानप्रतिको स्वागत हो ।

ओली नेपालको बिकासमा जहिले पनि भारतसँग मिलेर जानुपर्ने पक्षमा रहेको उनको पछिल्लो अभिव्यक्तिले देखाएको छ । नेपालको हित भारतसँग सुमधुर सम्बन्ध स्थापित गरेर नै हुन्छ भन्ने अवधारणाका साथ ओलीका पाइलाहरू बढ्ने गरेको विश्लेषण पनि गरिएको छ । छिमेकसँग सन्तुलित सम्बन्ध कायम गरेर देशहितलाई प्राथमिकतामा राखेर छिमेकको चाहना र भावनालाई समेत बुझ्नुपर्ने कूटनीति अवलम्बन गरिनु पर्ने सुझाव पररराष्ट्रविद्हरूको छ ।

ओली र मोदीबीच यही बिषयमा समानता देखिन्छ । राष्ट्रबादी छबि बनाएका मोदीले छिमेक नीतिलाई प्राथमिकतामा राखेर आवश्यक पर्दा कठोर निर्णय लिने गरेका छन् ।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनबाट नयाँ जनादेश प्राप्त भएको सन्दर्भमा आर्थिक कूटनीति तथा समृद्धिका बिषयलाई नेपालले यस पटक प्राथमिकतामा राख्नु पर्ने जरूरी छ ।

प्रधानमन्त्री ओलीले भ्रमणका प्राथमिकता र उद्देश्यबारे संघीय संसदमा सार्वजनिक महत्वको वक्तव्य पनि दिइसकेकाले यो भ्रमण नेपालको हितमा हुनेमा सर्वत्र आशा गरिन थालिएको छ । त्यसैले यसअघि प्रधानमन्त्री हुँदा ओलीले गरेका भारत भ्रमणका समयमा केही तीक्ष्तता महसुस भए पनि यसपटक आपसी सम्बन्ध नयाँ उचाइमा पुग्ने आशा धेरैले गरेका छन् ।

भ्रमण तालिका पृष्ठ ८ मा

यसर्थ आन्तरिक व्यवस्थापन गर्दै ओलीले बाहिरी सम्बन्धबाट लाभ लिने वातावरण निर्माण गर्न सक्नु पर्छ । बिकासका लागि छिमेकी भारतसँग हातेमालो गर्दै अगाडि बढ्ने संकेत प्रधानमन्त्रीको भए पनि त्यसलाई व्यवहारमा उतार्नु पर्ने समय आएको छ ।

अर्को तिर चीनसँगको सम्बन्ध पनि उत्तिकै महत्वपूर्ण छ । विश्वकै महाशक्ति बन्दै गरेको चीनको समृद्धिबाट लाभ लिन सक्ने प्रशस्त ठाउँ छन् । चीनसँगको सम्बन्ध भारतलाई चिढ्याउने गरी र भारतसँगको सम्बन्ध चीनलाई चिढ्याउने गरी पक्कै हुनु हुँदैन । मोदीको विश्वास लिई गर्दा चिनियाँ राष्ट्रपति सी जिङपिङको पनि विश्वास लिन सक्नुपर्छ । चीनले पृष्ट सन्देश दिएको छ–नेपालले भारतसँग मिलेर काम गरोस् । चीनले भारतसँग पनि सुमधुर सम्बन्ध बनाउँदै लगेको छ । दुबै देशबीच बढ्दो व्यापार र लगानीले यसलाई पुष्टि गर्छ । यो यथार्थलाई बुझेर ओलीले भारत र चीनबाट लाभ लिने कार्यशैली अपनाउनुपर्छ । 'नेबर फष्ट'को नीतिअनुसार चलेका दुबै देशसँग नेपालले तदनुरूपको नीति बनाएर काम गर्नुपर्छ ।

चीन र भारत दुबै नेपालका छिमेकी भएकाले दुबैसँग समान सम्बन्ध कायम राख्नुपर्ने, दुबै देशको चासो र चिन्तालाई समेत सम्बोधन गर्नुपर्ने र नेपालको अवस्थालाई ख्याल गर्दै सद्भाव विस्तारमा भ्रमण केन्द्रित गर्नुपर्ने पनि विज्ञहरूको धारणा रहेको छ ।

भारत पनि नेपालसँग नयाँ आधारमा सम्बन्ध विस्तार होओस् भन्ने अवस्थामा रहेकाले शक्तिशाली प्रधानमन्त्रीको हैसियतले यस पटकको भारत भ्रमण दीर्घकालीन महत्वको हुन सक्ने विश्वास गरिएको छ ।

प्रधानन्त्रीको जम्बो टोली

प्रधानमन्त्री पत्नी राधिका शाक्य
प्रधानमन्त्रीका निजी चिकित्सक डा. बिद्यासिंह शाह
पररराष्ट्र मन्त्री प्रदीप ज्ञवाली
उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्री मातृकाप्रसाद यादव
भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठ
दिनानाथ शर्मा (माओबादी केन्द्र)
रामेश्वर राय यादव (माओबादी केन्द्र)
शरतसिंह भण्डारी (राजपा नेपाल)
बिमल श्रीवास्तव (संघीय फोरम)
सीताराम महतो (संघीय फोरम)
उमा रेग्मी (सांसद)
गणेशसिंह ठगुन्ना (सांसद)
रामबीर मानन्धर (सांसद)
शान्ता चौधरी (सांसद)
मोतिलाल दुगड (सांसद)
राजेश हमाल (अभिनेता)
दिनेश डिसी (निर्देशक तथा कलाकार)
शंकरदास बैरागी (पररराष्ट्र मन्त्रालय सचिव)
पररराष्ट्र मन्त्रालयका शिष्टाचार महापाल दीपक अधिकारी
मुख्यसचिव लोकदर्शन रेग्मी
प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार विष्णु रिमाल
प्रेस सल्लाहकार डा. कुन्दन अर्याल
प्रधानमन्त्रीका पररराष्ट्रस सल्लाहकार डा. राजन भट्टराई
उद्योग वाणिज्य तथा आर्पूत मन्त्रालयका सचिव चन्द्रकुमार घिमिरे
नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठ
अर्थमन्त्रालयका सहसचिव केवलप्रसाद भण्डारी
रेल बिभागका महानिर्देशक अनन्त आचार्य
पररराष्ट्र मन्त्रालयका सहसचिव भृगु डुंगाना
नेपाल कृषि अनुसन्धान परिषदका कार्यकारी निर्देशक डा. बैद्यनाथ महतो
लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारी
उपाध्यक्ष दीपक मल्होत्रा
जल तथा ऊर्जा आयोगका सहसचिव माधव बेलवासे
व्यापारी इच्छाराज तामाङ

शान्ति र समभाव अहिलेको आवश्यकता : उपराष्ट्रपति पुन

काठमाडौं । उपराष्ट्रपति नन्दबहादुर पुनले शान्ति र समभाव अहिलेको आवश्यकता रहेको बताएका छन् । आइतबार मधेश मिडिया हाउसका अध्यक्ष डा. राजेश अहिराजसँग भएको भेटवार्ताको क्रममा उपराष्ट्रपति पुनले सो कुरा बताएका हुन् ।

मुलुक स्थायित्वतर्फ गइरहेको भन्दै उपराष्ट्रपतिले भने, 'राजनीतिक स्थायित्वले मात्र मुलुकमा शान्ति, समृद्धि र समभाव हुँदैन । यसका लागि बौद्धिकवर्गका व्यक्तिहरूको सकारात्मक भूमिका महत्वपूर्ण हो ।'

उनले नेपाली सञ्चार माध्यम तथा लेखक देश जोड्ने र समभावमुखी भूमिका निर्वाहका लागि थप पहल आवश्यक रहेको जिकिर गरे ।

'द्वन्द्व व्यवस्थापनभन्दा पनि समाधानतर्फ जोड दिनुपर्छ', उपराष्ट्रपति पुनले भने, 'मधेशी नागरिकका समस्याहरूबारे म अनभिज्ञ छैन र यसको समाधानका लागि सचेत रहेकोले समाधानका लागि भूमिका निर्वाह गर्नेछु ।' उनले देशका सबै नागरिक समान हुन्, बिभेदरहित समभावको जीवन बाँच्न पाउनुपर्नेमा उनको जोड थियो ।

मुख्यमन्त्री राउतद्वारा विशेष प्याकेज माग

वीरगञ्ज । प्रदेश नम्बर २ का मुख्यमन्त्री महम्मद लालबाबु राउत गद्दीले प्रदेशको बिकासका लागि केन्द्र सरकारसँग विशेष प्याकेज माग गरेका छन् । बीरगञ्जमा सम्पन्न प्रदेश नम्बर २ को आगामी नीति र कार्यक्रमको तर्जुमा तथा परिमार्जन सम्बन्धी सुझाव संकलन कार्यक्रममा बोल्दै मुख्यमन्त्री राउतले प्रधानमन्त्री केपी ओलीसंगको पछिल्लो भेटमा आफूले केन्द्र सरकारले दिने अनुदानको आधार प्रति व्यक्ति आम्दानी, मानविय बिकासको सूचकांक, जनसंख्या, गरिबी हुनु पर्ने माग गरेको बताए । केन्द्र सरकारसँग राम्रो सम्बन्ध बनाएर यो प्रदेशको विकास गर्न आफू तत्पर रहेको पनि उनले उल्लेख गर्नुभयो । उनले प्रदेश नम्बर २ को विकास भए मात्र समग्र मुलुकको बिकास हुने र यो प्रदेश शान्त भए मात्र मुलुक शान्त हुन सक्ने बताए । प्रदेश सरकार प्रदेशको शिक्षाको गुणस्तर सुधार्ने प्रयासमा लागेको बताउँदै उनले यो प्रदेशलाई शैक्षिक, प्राविधिक हबको रूपमा बिकास गरेर सम्बृद्धि तर्फ लैजान सकिने उल्लेख गरे ।

राजपाको विधान तयार गर्ने जिम्मा कर्णलाई

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालको संसदीय दलको बैठकले तीन महत्वपूर्ण निर्णयहरू गरेको छ । सो बैठकबाट सहअध्यक्ष लक्ष्मणलाल कर्णले पार्टीको संसदीय दलको विधान तयार पार्न जिम्मा पाएका छन् । राजपा संसदीय दलको बैठकबाट पार्टीबाट निबाचित सांसदहरूबाट दश हजारका दरले मासिक लेबी उठाउने निर्णय पनि गरेको छ । संघीय संसदमा राजपाका १९ सांसद रहेका छन् ।

यस्तै, राजपाको संसदीय दलको बैठकले जेलमा रहेका सांसद रेशम चौधरीको सपथका लागि सरकारको ध्यानाकर्षण गराउने निर्णय समेत गरेको अध्यक्षमण्डलका नेता राजकिशोर यादवले जानकारी दिए । यसैगरी, सो बैठकले असीनापीडितहरू राहत उपलब्ध गराउन सरकारसँग आग्रहसमेत गरेको छ ।

टिप्पणी

संगीता रेग्मी

ओलीको भारत भ्रमण र नेपालको सरोकार

नेपालले कुनै छिमेकीको कुभलो चिताउने र एक छिमेकीसँग नजिक र अर्कोसँग टाढिने गर्नुहुँदैन र कुनै पनि नाममा कुनै पनि छिमेकीको परिबन्दमा समेत पर्नुहुँदैन । तर ख्याल के पुऱ्याउनुपर्छ भने एउटा छिमेकीसँग सहकार्य गर्दा अर्कोलाई चिढाउने अथवा उसको सुरक्षा संवेदनशीलतालाई बेवास्ता गर्नुहुँदैन ।

नेपाल दुई ठूला छिमेकीबीच स्याण्डबीचको अवस्थामा छ । यस्तोमा शक्तिशाली प्रधानमन्त्री केपी ओलीले गर्न लागेको राजकीय भ्रमणको विशेष अर्थ छ ।

बिगतमा राष्ट्रबादी छबि बनाएका ओलीको निर्वाचनपछि प्रधानमन्त्रीका रूपमा पुनरागमनको सम्भावना बढेदेखि नै ओली सरकारको आगामी छिमेकी नीति र सम्बन्ध कसरी अगाडि बढ्ला भन्ने बिषयले छिमेकीको नेपालप्रतिको चासो ह्वात्तै बढेको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ओली प्रधानमन्त्री बन्नुपूर्व नै फोन गर्नेदेखि बिशेष दूतका रूपमा आफ्ना बिदेशमन्त्रीलाई नेपाल पठाएर भारत भ्रमणको निम्तो दिनु पक्कै उसले नेपालसँग सम्बन्ध सुधारको अपेक्षा गरेको हो । यता, ओलीले समेत बिगतकै परम्परालाई अँगाल्दै भारतबाटै पहिलो बिदेश भ्रमण सुरू गर्दा उनी पनि भारतसँग सुमधुर सम्बन्ध बनाउन तत्पर रहेको अर्थ्याउन सकिन्छ ।

बिकास र समृद्धिको नारा बोकेको नयाँ सरकारले दुबै छिमेकीलाई बिश्वासमा नलिएसम्म आर्थिक बिकासको अभियानलाई लक्ष्यमा पुऱ्याउन सहज नहुने भएकाले पहिलो भ्रमण जहाँबाट थाले पनि सम्बन्धलाई सुमधुर पार्न सकिन्छ । नेपाल, भारत र चीनजस्ता पुरानो सभ्यता, ठूला भूभाग र जनसंख्या भएका तर बिभिन्न हिसाबले प्रतिस्पर्धी आकांक्षा र बिशेषता भएका मुलुकको बीचमा छ । ती दुई मुलुकका राजनीतिक व्यवस्था तथा ऐतिहासिक आकांक्षा अहिले झन् बढी प्रतिस्पर्धीका रूपमा देखा परेका छन् । यसरी दुई छिमेकीको बढ्दो भूरणनीतिक प्रतिस्पर्धा र एसियाको उदयको नेतृत्व गरेका छिमेकी र पश्चिमको अन्तरबिरोधको बीचमा नेपाल उभिएको छ ।

यो अवस्थामा आफ्नो राष्ट्हितलाई पहिलो स्थानमा राख्दै छिमेकी सम्बन्धलाई सन्तुलित रूपमा सञ्चालन गर्न भने चुनौती भइरहनेछ । चीनले सधैं नेपाललाई भारतसँग राम्रो सम्बन्ध राख्न सुझाव दिँदै आएको छ र आफू नेपालमा भारतको बिकल्प बन्न नसक्ने पनि पटक पटक स्पष्ट पारेको छ ।

आर्थिक महाशक्तिका रूपमा आफूलाई बिश्वव्यवस्थाको महत्वपूर्ण पिलरका रूपमा उभ्याउन खोज्दै गरेको चीनका लागि अब तिब्बतको सुरक्षा मात्र नेपालमा चासो रहेन ।

बिगतमा आन्तरिक अस्थिरता र दक्षिणको भूरणनीतिक मनोबिज्ञानबाट उत्पन्न अवरोधका कारणले नेपालको चाहना पूरा हुन सकेको छैन । तर, यतिखेर स्थिर सरकार पाएको छ र स्वयं समृद्धि तथा बिकासका लागि भारतसँगको साथ ओलीलाई चाहिएको छ ।

यतिबेला भारतको चासोलाई सम्बोधन गर्दै नेपालले चीन, नेपाल र भारतको त्रिशंकु सम्बन्धको सहकार्यको नीति निर्माण गरी पहल गर्ने उपयुक्त समय आएको छ । आर्थिक अन्तर्ननिर्भरता निर्माणले आपसी बिश्वास बढाउँदै हिमालय क्षेत्रमा हुने भूराजनीतिक प्रतिस्पर्धालाई कम गर्नेछ ।

भारतले पनि नेपालमा दक्षिणदेखि उत्तर जोड्ने आर्थिक करिडोरमा लगानी

बाँकी पृष्ठ ८ मा

यसभित्र...

शंकै शंकाबाट घेरिँदै नयाँ सरकार
उपेन्द्र झाको विचार-विश्लेषण, पृष्ठ २ मा

दिल्लीमा रेड कार्पेट
सम्पादकीय पृष्ठ २ मा

प्रधानमन्त्रीको भ्रमणमा कुनै सम्झौता भयो भने आश्चर्य हुँदैन : श्यामानन्द सुमन
अन्तर्वाता पृष्ठ ३ मा

मधेशको नेतृत्व युवाले लिनुपर्छ पृष्ठ ४ मा

ओलीको प्राथमिकतामा पर्नुपर्ने एजेन्डा पृष्ठ ७ मा

'महिलाहरूको क्षमतामा होइन, अवसरमा समस्या छ' पृष्ठ ८ मा

सम्पादकीय

दिल्लीमा रेड कार्पेट

नेपालमा नयाँ प्रधानमन्त्रीको नियुक्तिभन्दा उनको भारत भ्रमणले राजनीति धेरै तरंगित हुने गरेको छ । नेपालमा वर्षेनि जस्तो प्रधानमन्त्री फेरिने गरेकाले सम्बन्ध सुधारको नाममा हरेक प्रधानमन्त्रीले भारत भ्रमण गर्ने पर्ने परम्परा रहेको छ । यहि परम्पराको निरन्तरतास्वरूप प्रधानमन्त्री केपी ओलीले आफ्नो पहिलो विदेश भ्रमण आजबाट नयाँ दिल्लीबाटै गर्दैछन् ।

प्रधानमन्त्री ओलीले भारत भ्रमणमा निस्कनुअघि पूर्वप्रधानमन्त्री, पूर्वपरराष्ट्रमन्त्रीहरू र विज्ञहरूसँग भ्रमणमा उठाउनुपर्ने विषयका बारेमा परामर्श गरेका छन् । परामर्शका क्रममा चर्को रूपमा उठेको विषय भनेको राष्ट्रहितविपरीत सम्झौता नहोस् भन्ने छ । यसै सन्दर्भमा प्रधानमन्त्री ओलीले राष्ट्रहितविपरीत सम्झौता नहुने र हीनताबोध हुने गरी कुनै काम नगर्ने स्पष्ट पारेका छन् ।

वास्तवमा ओलीले भनेजस्तै हामीले हाम्रो 'पोजिसन' स्पष्ट गर्न सक्ने हो भने भारतसँग मात्र होइन, अन्य देशसँग पनि शीर उचो राखेर कुराकानी गर्न सक्छौं भन्ने अर्थमा लिन सकिन्छ ।

भारत भ्रमणका क्रममा नेपालका पूर्वप्रधानमन्त्रीहरूले गरेका कतिपय सन्धि-सम्झौता राष्ट्रहितविपरीत भएको भन्ने एकातिर त्यसको राष्ट्रियताको नाममा विरोध गरिने परिपाटी छ भने अर्कोतिर त्यहीं सन्धि-सम्झौतालाई राष्ट्रियहित अनुकूल हेर्ने गरिन्छ । एउटै विषयलाई दुईथरि आँखाले हेर्ने प्रवृत्तिका कारण नै हरेक प्रधानमन्त्रीको भारत भ्रमणलाई शंकाको दृष्टिले हेर्ने गरिएको चलन नेपालमा पुरानै हो । हो, नेपालले भारतसँग गरेका अधिकांश सन्धि-सम्झौता कार्यान्वयनमा आउन सकेका छैनन् । भारतले तराईमा निर्माण गरिदिने भनेको हुलाकी राजमार्ग २५ वर्षदेखि अलपत्र छ । निर्माणका लागि ठेक्का लागिसकेका सडक पनि वर्षौंदेखि अलपत्र पारिएका छन् । त्यसैले प्रधानमन्त्रीले यसपटक नयाँ सम्झौता गर्नु भन्दा पनि पुराना सम्झौताको 'टाइमलाइन' तोकेर कार्यान्वयन गर्ने प्रतिबद्धताका लागि भारतलाई मनाउन सके भने उनको भ्रमण सफल मानिनेछ । भारतले सन् १९९६ मा भएको महाकाली सन्धियताका सबै परियोजना कार्यान्वयन गर्ने प्रस्ताव पठाएको छ । ती परियोजना कार्यान्वयनका लागि औपचारिक रूपमै अग्रसरता देखाउने बताएको छ । यो नेपालका लागि राम्रो अवसर हुन सक्छ । सन्धि-सम्झौता भएका तर कार्यान्वयनमा जान नसकेका परियोजना कार्यान्वयन गराउन नेपालले गर्नुपर्ने तयारीमा सरकारको ध्यान जानुपर्छ । नेपालका प्रधानमन्त्रीले गर्ने भारत भ्रमण विवादमा पर्नुको पछाडि हाम्रो तयारी कमजोर हुनु पनि हो । हामीले उठाउन चाहेको विषय र हामीले खोजेको विषयमा हाम्रा प्रधानमन्त्रीहरू नै अलमलमा पर्ने गरेको अनुभव हामीसँग छ ।

नेपालका प्रधानमन्त्रीले गर्ने भारत भ्रमण विवादमा पर्नुको कारण हाम्रो तयारी कमजोर हुनु पनि हो । हामीले उठाउन चाहेको विषय र हामीले खोजेको विषयमा हाम्रा प्रधानमन्त्रीहरू नै अलमलमा पर्ने गरेको अनुभव हामीसँग छ ।

प्रधानमन्त्रीको भारत भ्रमण हुनु भनेको नेपालका लागि अवसर हो । यो अवसरको प्रधानमन्त्री ओलीले सदुपयोग गर्नुपर्छ ।

मधेशमा भएको डुबानका विषयमा भारतसँग कुरा हुनुपर्ने सर्वत्र चासोको विषय बनेको छ । पूर्वप्रधानमन्त्रीहरूले पनि मधेशको डुबान समस्या समाधानका लागि भारतसँग कुरा राख्न सुझाव दिएका छन् । मुलुकको सबै तह तप्काबाट प्रधानमन्त्रीलाई यस्तो सुझाव प्राप्त भएको छ । त्यसैले भारत भ्रमणका क्रममा ओलीले मधेशको डुबान समस्यालाई उठाउने मात्रै होइन कि भारतका तर्फबाट समस्या समाधानको ठोस पहल हुने सुनिश्चितता लिएर स्वदेश फर्कनु पर्छ ।

नेपाल-भारतबीच जति नजिकको सबन्ध छ त्यही अनुसारका समास्याहरू पनि छन् । प्रधानमन्त्री ओलीको भारत भ्रमण यस्तो अवस्थामा भइरहेको छ, जतिबेला भारत नेपालप्रति अत्यन्तै सकारात्मक देखिएको छ । त्यसैले भ्रमणलाई फलदायी कसरी बनाउन सकिन्छ भन्ने प्रधानमन्त्रीमै निर्भर गर्छ र त्यो भ्रमण पछि नै थाहा हुन्छ ।

सातासो सात बात

मेरो भारत भ्रमण देश र जनताको अधिकतम हितमा केन्द्रित छ । सम्बन्ध मजबुत बनाउन केन्द्रित हुनेछ । हामी दुबै छिमेकी मित्रराष्ट्रसँग राम्रो सम्बन्ध बनाउन चाहन्छौं । हाम्रो विदेश नीति मित्रतामा आधारित छ ।

केपी शर्मा ओली, पधानमन्त्री

पार्टी एकता सुनिश्चित छ । अब कसैले विथोल्न सक्दैन । पार्टी एकताको घोषणा गरिसकेपछि एकता प्रक्रिया जारी रहन्छ । केन्द्रदेखि तल्लो तहसम्म एकता गर्नुपर्छ । **झलनाथ खनाल, वरिष्ठ नेता, नेकपा एमाले**

पछिल्लो दशकमा अर्थतन्त्रमा संमग्रमा सुधार आए पनि सरकारले यथार्थ विश्लेषण नगरी दोषारोपण गर्ने गरी श्वेतपत्र ल्याएको छ । उत्पादनमूलक क्षेत्रमा लगानी गर्न र निजी क्षेत्रलाई सँगै लान नसक्दा तथा राजनीतिक अस्थिरता हुँदा निर्यात घाटामा एएको हो । **डा. मीनेन्द्र रिजाल, नेता, नेपाली कांग्रेस**

दुई नम्बर प्रदेशको सरकारले जुन प्रकारले कर्मचारीले सहयोग गर्नुपर्ने हो, त्यो सहयोग प्राप्त गरेको छैन । संघीयतालाई जुन उत्साहका साथ अगाडि बढाउनुपर्ने हो, त्यो वातावरण बनेको छैन । **राजकिशोर यादव, नेता, राजपा नेपाल**

पुरानो युगलाई बिदा गरेर नयाँ युगमा प्रवेश गरेको नेपाललाई विकास र आर्थिक समृद्धितर्फ लैजान आवश्यक छ त्यसको जग भनेको शिक्षा नै हो । **शेरधन राई, मुख्यमन्त्री, प्रदेश १**

तपाईहरू प्रदेश नम्बर २ मा लगानी गर्नुस् । वातावरण बनाउन प्रदेश सरकार तयार छ । केन्द्रिय सरकारबाट असहयोग भयो भने पनि प्रदेश सरकार आवश्यक सहयोग गर्न तयार छ । **लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश २**

प्रदेश २ आर्थिक समृद्धिको प्रचुर सम्भावना बोकेको प्रदेश हो । आर्थिक समृद्धि भाषण दिएर वा नारा लगाएर मात्र आउने होईन । निजी क्षेत्रलाई लगानी गर्ने वातावरण बनाउनुस् । **भवानी राणा, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ**

शंकै शंकाबाट घेरिँदै नयाँ सरकार

विचार-विश्लेषण

उपेन्द्र झा

ओलीजीको आफ्नै कारणले देशमा उठिरहेको द्वन्द्व तथा बलपूर्वक दबाइएका मधेश, थारू, जनजातिका आन्दोलनले पनि शीर उठाउन खोजी रहेको अवस्थामा चीनभन्दा भारत नै सहयोगी भूमिका निर्वाह गर्न सक्ने यथार्थलाई ओलीजीले नकार्न मिल्दैन । असमञ्जसको दोसाँधमा परेको ओलीजी भारतसँग अधुरो छाडिएको विकास योजनाहरूलाई संचालन गर्न तथा जलविद्युतको क्षेत्रमा लगानी गर्न आग्रह गर्ने कुराको आभास भइरहेको छ ।

राजनीतिक प्रभूत्व कायम गर्न एमाले अध्यक्ष के.पी.शर्मा ओलीले नाकाबन्दी जस्तो सास्ती दिने चुनौतीलाई सामना गर्दै विवाद गर्ने विभिन्न शक्तिलाई पछ्याउदै चुनावको माध्यमबाट एमाले पार्टीलाई पहिलो पार्टी बनाएरै छाड्यो । विपरित दिशामा रहेको बामशक्ति (प्रचण्ड) लाई पनि आफ्नो प्रभावमा ल्याई प्रतिनिधी सभा र प्रदेश सभाको चुनाव लडेर अप्रत्याशित जीत हासिल गर्ने वाम गठबन्धन एकताको दर्जनौं बैठक सकेर एकमत भई सकेको अवस्थामा एकाएक ओली र प्रचण्डबीच वाकयुद्ध शुरू हुनु निश्चय पनि शुभ लक्षण होईन । भारत भ्रमणको पूर्व संन्ध्यामा ओली प्रचण्डको जुहारी अनेक शंकालाई जन्म दिएको छ । दुबै पार्टीबीचको तनावले बामएकता त ध्वस्त हुन्छ नै, ओलीको कीर्ति पताका पनि धाराशायी हुने पक्का छ ।

ओलीको बलियो सरकार भएपनि राजनीतिक यात्रा त्यति सहज छैन भन्ने कुरा म लेख्दै आएको छु । आज त्यसको लक्षणहरू देखिन थालिएको छ । हुनत राजनीतिकबाजहरूले यसलाई झिना मसिना कुरा भनेर वास्ता गर्दैनन् । सही पनि हो । तर आगोको एउटा झिल्को अग्निको विभीषिका खडा गर्न पर्याप्त हुन्छ भन्ने यथार्थ पनि सबै सामु छ । यूरोपियन युनियन नेपालको पुरानो लगानी कर्ता हो । योसंग एमाले, नेपाली कांग्रेसको पुरानो नाता हो । माओवादी पनि यसको प्रभावबाट बाहिर छैन । बामगठबन्धनको सरकार बनेको बेला युरोपियन युनियन अति रूष्टताका साथ "खस आर्यलाई आरक्षण दिनु हुँदैन" भनेर निर्वाचन प्रतिवेदनमार्फत कडा चुनौती दिएको छ । के कारणले इयू यति कडाईका साथ प्रस्तुत भयो, वादी प्रतिवादीबाहेक अरू कसैलाई थाहा नहुन सक्छ । जनताको लागि यो आन्तरिक मामिलामा हस्तक्षेप जस्तो लाग्छ । तर यहाँको राजनीतिक दलहरूको लागि युरोपियन युनियन पूजनीय शक्तिपीठ मध्ये एउटा हो । यसलाई नकार्न मिल्दैन । जनतालाई चित्त बुझाउन दलहरू इयूलाई देश छोडाउन सक्ने धम्की दिन भने चुकेको छैन । इयूलाई गल्ती सच्याउन भने पनि उसले आफूलाई करेक्ट गर्न इन्कार गरेको छ । यो भन्दा पहिले वेलायती राजदूत एण्ड्रयू स्पार्कसले "संविधानमा धर्म परिवर्तन गर्ने अधिकार दिनु पर्छ" भनेर अनधिकृत रूपमा अभिव्यक्ति दिएका थिए । उनले सो गल्ती सच्याएर कूटनीतिक मर्यादाका पालन गरेका थिए । इयूले उनलाई फिर्ता पनि बोलाएको थियो । तर यसपाली के कारणले इयू अनधिकृत रूपमा त्यसरी बोलेर पनि गल्ती सच्याउन चाहँदैन ?

असन्तुष्टताको धरातलमा बलपूर्वक खडा भएको सरकारप्रति असन्तुष्ट पक्षले इयूको समर्थनमा आफ्ना अभिव्यक्ति दिई रहेका छन् । सानै प्रहार भएपनि सरकारमाथि आघात गर्ने उद्देश्यले यस्ता अभिव्यक्ति आई रहेका छन् । इयू यसपाली दह्रो रूपले सरकारको प्रतिवाद गरेकोले असन्तुष्ट पक्ष हौसिएको छ । इयूले नेपालमा "क्रिश्चियन बनाउने अभियान" ०४६ सालदेखि सक्रियताका साथ अगाडि बढाएको मैले देखेको छु । यस अभियानलाई सफलताका साथ अगाडि बढाउन अनुकूल वातावरण तयार गर्न सरकारलाई सधैं आर्थिक सहयोग गरि नै रह्यो । आर्थिक प्रलोभनमा फँसेर धरातलीय मौलिक प्रभाव नष्ट भई रहेको सरकारको सरोकारको विषय कहिल्यै रहेन । फलत: ०६३ सालमा धर्म निरपेक्षताले वैधानिक मान्यता पायो । आफ्नो मौलिक धर्म, संस्कृतिलाई संरक्षण गर्ने नेपालीको अधिकारलाई कुण्ठित गरि सरकारले नै इयूको ईशारामा धर्मनिरपेक्षतालाई स्थापित गऱ्यो ।

इयूले गन्तव्यसम्म पुग्न धर्म निरपेक्षताको पडाव पार गरि सकेको छ । नेपालमा साँगठनिक रूपले सशक्त भएको इयू अरू शक्तिकेन्द्र जस्तै बलियो उपस्थिति चाहेको छ । इयूले सरकारमाथि आरक्षणको विषय लिएर दबाव दिनु तथा त्यसपछि "गाई काट्न पाउने" तथा "गाई काट्न नदिने" बीचको वाकयुद्ध शुरू हुनु गजबको संयोग मिलेको छ । साम्प्रदायिक वैमनष्यता बढाउने शक्तिहरूले यो सरकारको लागि ठूलो चुनौती तयार गरि रहेको छ । इयूको चुनौतीलाई गलत भन्नेहरूभन्दा समर्थन गर्नेहरू पनि कम छैन । समर्थनको बलियो आधार पाएर नै इयूले दह्रो कदम चालेको अनुभूति हुन्छ ।

प्रधानमन्त्री के.पी.शर्मा ओलीको चीनसंगको गहिरो सम्बन्धले शक्तिकेन्द्रको असन्तुलन बढाई दिएको छ । इयू जसरी नेपालको राजनीतिमा चुनौतीको रूपमा देखिएको छ, भारत पनि असन्तुष्ट छ । भारत भ्रमणमा प्रधानमन्त्री ओलीले विगतको तिक्ततालाई कसरी साम्य गर्ने भन्ने कुरालाई पक्ष विपक्ष सबै धेरै चासोका साथ हेरि रहेका छन् । भारतलाई चिढाएर नेपाली जनजीवन सहज ढंगले अगाडि बढ्न नसक्ने चीनको पनि मान्यता हुनु पर्छ । यही आधारमा भारतसंग हुने ओलीको लचकतालाई चीनले बर्दास्त गर्न सक्छ । समर्पणलाई चीनले कदापि सहन सक्दैन । यसमा कसरी ओलीले तारतम्य मिलाउँछ भन्ने जिज्ञासा बुद्धिजीविमा व्याप्त छ ।

मधेशका दलहरूमा ओलीको नजिक मानिने संसपो अहिले इयूलाई समर्थन गरि सरकारलाई मधेशबाट कर दिन प्रतिबन्ध लगाउनेसम्मको धुर्कि लगाएका छन् । प्रचण्ड जस्तै उपेन्द्र यादव पनि ओलीसंग आक्रामक भएका छन् । दुईतिहाईसम्मको यात्रामा निस्कन लागेका ओलीजी सरकारलाई टिकाई राख्न नै कठीन भएको अवस्थालाई कसरी झेल्ने ? झिना मसिना जस्ता लाग्ने यी समस्याहरू सरकारको प्रतिकूल वातावरण बनाउन पर्याप्त छ । असन्तुष्टताको जगमा बनेको सरकार जति बलियो भएपनि ज्वालामुखी फुट्ने अस्तित्वविहीन हुनेमा किञ्चित शंका छैन । राजपा पनि सरकारमा जान रेशम चौधरीको मुद्दाले छेकेको छ । तीनवटै शक्ति ओलीको समर्थन खेमाभन्दाबाहिर गयो भने यो सरकारको के दुर्दशा होला ?

भारतको उधारो आश्वासनबाट चिढिएको मान्यता राख्ने प्रचण्ड, केपी ओली सोझै चीनसंग सम्बन्ध बनाएर भारतलाई दिएको धुर्किले आफैलाई घाटा हुने कुरा नसोची अगाडि बढ्दै जाँदा के के अवरोधहरू भोग्नु पर्ने हो, थाहा छैन । इयूले सरकारमाथि जोडले स्ट्राइक गरि दिएको छ । यसको पक्ष र विपक्षमा समानान्तर प्रतिक्रियाहरू आई रहेका छन् । अर्थात् इयूलाई अहिले एण्ड्रयू स्पार्कको जस्तो पछाडि हट्ने अवस्था छैन । पक्षमा राम्रो जन समर्थन रहेकोले त्यस्तो अवस्थाको सामना गर्नु पर्दैन । इयूको चेतावनीले राजनीतिक वृतमा कस्तो प्रभाव पर्ने भन्ने परीक्षणका लागि पनि इयू प्रतीक्षारत छ । सरकारले इयूलाई गल्ती नसच्याए देश निकाला समेत गर्न सक्ने भनेको छ । इयू आफ्नो अडानबाट पछाडि नहटेको अवस्थामा सरकारले इयूलाई देश निकाला गर्न सक्ला ? आदि जिज्ञासाहरू मानिसमा कौतुहल पैदा गरेको छ ।

चैत्र २३ गते प्रधानमन्त्री के.पी.शर्मा ओली भारत भ्रमणमा जाँदै छन् । इयूको आक्रमण भारत भ्रमणको पूर्व सन्ध्यामा नै भएको छ । नेपालमा इयूको वक्तव्यबारे भारतले चासो लिने कि नलिने आगामी समयले बताउने छ । प्रधानमन्त्री के.पी.शर्मा ओली कुनै बेला भारतको निकटतम विश्वासपात्र रहेकोले भारतको प्रभावमा आउन ओलीलाई कुनै कठिनाई नहुने एक थरिको विश्वास छ भने चीनको प्रभावमा डुबी सकेको ओलीलाई भारतसंग सम्बन्ध बनाउन कठीन छ कर्कोथरिको आकलन छ । भारत विरूद्ध राष्ट्रवादी शक्तिलाई संगठित पारेर सशक्त बनेको एमाले पार्टीको अध्यक्ष र नेपालको प्रधानमन्त्रीको हैसियतले के.पी.शर्मा ओलीलाई भारतसंग सम्बन्ध सुधार्ने बाध्यता छ, अर्कोतिर चीनको असिमित विकास बजेट गुम्ने डर छ । नयाँ सरकारको पहिलो भारत भ्रमण भएकोले यसमा कूटनीतिक सम्बन्धको आधारमा अनौपचारिक रूपले एक अर्कालाई सहयोग गर्ने कुरामा भ्रमण सिमित रहने छ । मुख्यतया आगामी दिनमा नेपालले भारतसंग विश्वासको सम्बन्ध कसरी विकसित गर्ने त्यसबारेमा गहन छलफल हुने संकेत देखिएको छ ।

ओलीजीको आफ्नै कारणले देशमा उठि रहेको द्वन्द्व तथा बलपूर्वक दबाईएका मधेश, थारू, जनजातीका आन्दोलनले पनि सिर उठाउन खोजी रहेको अवस्थामा चीनभन्दा भारत नै सहयोगी भूमिका निर्वाह गर्न सक्ने यथार्थलाई ओलीजीले नकार्न मिल्दैन । असमंजसको दोसाँधमा परेको ओलीजी भारतसंग अधुरो छाडिएको विकास योजनाहरूलाई संचालन गर्न तथा जलविद्युतको क्षेत्रमा लगानी गर्न आग्रह गर्ने कुराको आभास भइरहेको छ । भारतलाई पनि नेपालको जलविद्युतमा बढि चासो रहेकोले सम्बन्ध सुधार्ने योबाहेक अरू उपयुक्त बाटो छैन ।

नेपालले भारतसँग जसरी आक्रामक व्यवहार राख्यो, भारतले नरम व्यवहारको आधारमा अतिथी सत्कार गर्नेमा शंका छैन । पूंजी निवेश, विकास आयोजनाहरूको संचालन, रेल्वे लाइनको विस्तार, पुनर्निर्माण आदिमा भारतको चासो बढाउन नेपाल अग्रसर रहने प्रष्ट छ । होइन भने भारतले सुरक्षा खतरा देखाएर बोर्डर सील गरि दियो भने नेपालको अवस्था कस्तो हुने ? नेपालका अतिवादीहरूले पनि बोर्डर सील गर्नेबारे आवाज उठाई सकेको छ । त्यसकारण पनि भारतको विश्वास आर्जन नगरि नेपालको जनजीवन सहज हुन सक्दैन भन्ने कुरा ओलीजीलाई राम्ररी थाहा छ । भारतलाई फकाउन ओलीजी अहिले "भारतको सहयोग बिना नेपाल चल्न सक्दैन" भन्ने अभिव्यक्ति दिनुको कारण पनि त्यै हो ।

janukjha24@gmail.com

राष्ट्र हितलाई सम्मान गर्न प्रधानमन्त्रीलाई पूर्वप्रधानमन्त्रीको सुझाव

काठमाडौं । प्रधानमन्त्री केपी ओलीले शुक्रबारबाट गर्ने भारत भ्रमणबारे पूर्वप्रधानमन्त्री, प्रबुद्ध वर्ग र परराष्ट्रविद्हरूसँग छलफल गरेका छन् । छलफलमा ओलीले आफ्नो भारत भ्रमणमा पुराना सम्झौता कार्यान्वयनमा जोड दिने स्पष्ट पारेका छन् । छलफलमा सहभागी पूर्वप्रधानमन्त्रीहरूले २१ औं शताब्दीअनुसार द्विपक्षीय हित र राष्ट्रिय स्वार्थलाई उच्च सम्मान दिन सुझाव दिए ।

छलफलमा उनीहरूले पुराना सम्झौता कार्यान्वयनमा समस्या देखिएका बेला नयाँ सम्झौता नगर्न पनि प्रधानमन्त्रीलाई सुझाव दिए ।

नेपाल-भारतबीचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन पनि यसको प्रस्थानबिन्दु सम्प्रभुता, समानता र एक अर्काको संवेदनशीलतामा गम्भीर हुनुपर्नेमा उनीहरूको जोड थियो ।

छलफलमा पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, झलनाथ खनाल, माधवकुमार नेपाल, पुष्पकमल दाहाल, लोकेन्द्रबहादुर चन्द र खिलराज रेग्मी सहभागी थिए। पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई भने छलफलमा सहभागी थिएनन्। छलफलमा परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली, प्रबुद्ध वर्गका सदस्य भेषबहादुर थापा, नीलाम्बर आचार्य र सूर्यनाथ उपाध्याय सहभागी थिए ।

पूर्वप्रधानमन्त्री झलनाथ खनालले भने, 'यो भ्रमणमा कुनै ठूलो सन्धि-सम्झौता, समझदारी हुने छैन । यो भ्रमणले दुई देशबीचको सम्बन्धलाई विश्वासिलो वातावरणमा लग्नेछ ।' छलफलमा सहभागी नीलाम्बर आचार्यले नेपाल र भारतले एकअर्काको मामिलामा शताब्दियौंदेखि रहँदै आएको सम्मानपूर्ण मित्रतालाई केन्द्रबिन्दुमा राख्दै २१ औं शताब्दीको मागअनुसार जान सुझाव दिएको बताए ।

प्रमको भारत भ्रमण : इनर्जी बैंकिङलाई विशेष जोड

काठमाडौँ । प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबारदेखि गर्न लागेको भारतको राजकीय भ्रमणमा इनर्जी बैंकिङको विषयलाई प्राथमिकताका साथ उठाउने तयारी गरिएको छ । माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाजस्ता केही महत्वपूर्ण परियोजना निर्माण सम्पन्न भएपछि बर्खायाममा विद्युत् खेर जाने भएकाले त्यसलाई जोगाउन पनि इनर्जी बैंकिङको अवधारणालाई विशेष प्राथमिकतामा राखिएको हो ।

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी माथिल्लो तामाकोशी जलविद्युत् कम्पनीले निर्माण गरिरहेको ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी आयोजना २०७५ मंसिर मसान्तसम्म निर्माण सम्पन्न हुने क्रममा रहेको छ । यस्तै अन्य केही ठूला परियोजनासमेत सो अवधिभित्र सम्पन्न हुने चरणमा रहेका छन् । ती आयोजना सम्पन्न भएपछि बर्खाको समयमा ती परियोजनाबाट उत्पादित विद्युत् खेर जाने र हिउँदमा पुन: भारतबाट आयात गर्नुपर्ने अवस्था भएकाले इनर्जी बैंकिङको अवधारणा अगाडि सारिएको हो । ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयका प्रवक्ता एवं सहसचिव दिनेश घिमिरेले प्रधानमन्त्रीको भ्रमणका क्रममा सो विषयलाई नेपालको तर्फबाट एजेण्डाका रूपमा राखिएको जानकारी दिए ।

नेपालमा बर्खाको समयमा सञ्चालनमा रहेका सबै आयोजनाले पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्ने र हिउँदमा न्यून मात्रामा मात्रै विद्युत् उत्पादन हुने भएकाले माग व्यवस्थापनका लागि इनर्जी बैंकिङ अवधारणा ल्याइएको नेपाल विद्युत् प्राधिकरणको भनाइ छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले पनि भारतीय समकक्षीहरूसँगको भेटमा सो अवधारणालाई उठाउँदै आएका छन् । उच्च राजनीतिक तहमा नै छलफल र संवाद भएपछि मात्रै एउटा निर्णयमा पुग्न सकिने भारतीय पक्षको रायपछि प्रधानमन्त्रीको यस पटकको भ्रमणलाई सो विषयलाई समावेश गरिएको हो ।

प्रधानमन्त्रीको भ्रमणमा कुनै सम्झौता भयो भने आश्चर्य हुँदैन

सप्तरी जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकाको बेल्हीमा वि.सं. २००० फागुन ८ गते जन्मिएका ७४ वर्षीय श्यामानन्द सुमन पूर्वराजदूत तथा परराष्ट्र मामिलाका जानकार हुन्। उनले प्राथमिक उच्च माध्यमिकको शिक्षा भारतको कुनौलीमा हासिल गरेका छन् भने स्नातक मधुबनीको बिहार युनिभर्सिटीबाट गरेका हुन्। यस्तै टियुबाट प्रथम स्नातकोत्तर र छात्रवृत्तिमा दोस्रो स्नातकोत्तर अमेरिकाबाट भूगोल शास्त्रमा गरेका हुन्। यस्तै, युकेबाट डिप्लोमा इन्टरनेशनल इकोनिमिक्समा गरेका हुन्। उनी पराष्ट्र सेवामा वि.सं. २०३३ सालमा प्रवेश गरेका थिए भने वि.सं. २०६२ देखि २०६८ सम्म कतारका लागि नेपाली राजदूतको रूपमा कार्यरत् थिए। त्यसपछि तत्कालीन मधेशी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव परराष्ट्रमन्त्री हुँदा उनको सल्लाहकारको रूपमा कार्य गरेका थिए। प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणको सन्दर्भमा परराष्ट्र मामिलाका जानकार सुमनसँग मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश :

श्यामानन्द सुमन

पूर्वराजदूत तथा परराष्ट्र मामिलाका जानकार

० प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणलाई कसरी लिनु भएको ?

– प्रधानमन्त्री केपी ओलीको भ्रमणलाई मैले 'गुडविल एण्ड ट्रस्ट विल्डिङ्ग'को रूपमा लिएको छु। हुन त यसलाई राजकीय भ्रमण भनिएको छ तर यो 'गुडविल' भ्रमण नै हो। यस भ्रमणले दुई देशबीच विश्वासको वातावरण अझ बढाउनेछ।

० प्रधानमन्त्रीको भारत भ्रमणको उद्देश्य चाँही के होला ?

– यसको उद्देश्य भनेको दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने नै होला। मधेश आन्दोलनका बेला नाकाबन्दीदेखि लिएर जुन किसिमको स्थिति सिर्जना भएको थियो त्यसले एउटा असहज वातावरण बनाएको थियो। त्यसको विश्लेषण पनि गरिएको छ र यसका विभिन्न कारणहरू छन्। त्यसैले, प्रधानमन्त्री ओलीको यो भ्रमणले दुबै देशका शीर्ष नेताहरूबीच एउटा 'गुडविल' निर्माण गर्छ। यसले गर्दा एक अर्कामाथि विश्वास गर्नसक्ने वातावरण तयार हुनेछ। त्यसैले यो भ्रमण फलदायी नै हुनेछ।

० वस्तुतः केपी ओली र उनले चलाएको सरकार तथा समग्रमा वाम गठबन्धन चीन परस्त रहेको मानिन्छ, यस अर्थमा पहिले भारतको भ्रमण गरेर ओलीले आफूलाई भारत निकट रहेको चिनाउन थालेका हुन कि ?

– होइन, त्यो हिसावले हेर्नु हुँदैन। यो आजदेखि होइन, २००७ सालदेखि या त्योभन्दा पनि पहिलादेखि नेपालका प्रधानमन्त्रीहरूले भारतको भ्रमण गर्दै आएका छन्। त्यसैको यो निरन्तरता हो। अहिले खास गरेर नेपाल र भारतबीचमा जुन किसिमको वातावरण बनेको छ, त्यसका लागि यो भ्रमण उपयोगी हुन्छ भनेर पहिला भारत भ्रमण गर्नु लागेका हुन। त्यसमा अर्को आयाम पनि के छ भने भारतसँगको सम्बन्धमा जुन किसिमका खाडलहरू आए, त्यसलाई पुर्नु पनि पर्छ। नेपालले अहिले जुन नीति ल्याएको छ समृद्धिको, त्यसमा भारत सहयोगी हुनसक्छ। यो नेपालले पनि महसुस गरेको विषय हो। सबैलाई थाहा भएकै कुरा के हो भने केपी ओली, जुन वाम गठबन्धनबाट जितेर आएका छन्, त्यो बेला पनि भारतका प्रधानमन्त्रीले फोन गरेर बधाई पनि दिएका थिए। त्यसैले, भारततर्फबाट पनि त्यतिकै महसुस भएको छ कि नेपालसँग राम्रो सम्बन्ध होस् भनेर। आगामी दिनमा दुबै मुलुक एकअर्कालाई सहयोगी बनोस् र सद्भाव राखोस् भन्ने नै हो।

० नेपालका प्रायः सबै प्रधानमन्त्रीहरूले भ्रमणका लागि पहिलो पटक भारत नै रोज्नुको कारण के हो ?

– दुनियाँमा सबै मुलुकसँग एकैनासको सम्बन्ध हुँदैन। नेपाल र भारतबीचको जुन सम्बन्ध छ त्यो 'मल्टिफेसेटेड' हो। एकै किसिमको एउटै आयाममा होइन, यसका विभिन्न आयामहरू पनि छन्। वैदिककालदेखि अहिलेसम्म भारतसँग नेपालको सम्बन्ध छ त्यो अन्य कुनै मुलुकसँग नेपालको छैन र सम्भवतः आगामी दिनमा पनि हुँदैन। त्यसकारणले पहिला भारत जाने र पछि अन्य मुलुक जाने गरिएको छ। चीन पनि नेपालका लागि महत्वपूर्ण नै हो। तर, मान्छेहरूले भन्छन् कि उत्तर र दक्षिणसँग 'ब्यालेन्स' गर्नुपर्छ। त्यसमा म विश्वास राख्दिन। दुई व्यक्ति, दुई परिवार अथवा दुई मुलुकको जुन सम्बन्ध हुन्छ त्यो सबैसँग एकनाशको हुनसक्दैन। भारतसँग जुन किसिमको सम्बन्ध छ त्यो हिसाबले भारत नेपालको सबभन्दा नजिकको मित्र रहेको छ।

० प्रधानमन्त्रीहरूले पहिले चीन वा अन्य देशको भ्रमण गऱ्यो भने त्यसको असर नेपाल-भारत सम्बन्धमा पर्छ ?

– 'डिप्लोमेटिकली' त्यसलाई असर मान्न सकिँदैन। तर, एउटा के मान्यता रहेको छ भने सम्बन्ध त्यसले पनि देखाउँछ। को कसलाई कहिले भेट्यो यो सम्बन्धको आफैले भनिसकेका छन्। भ्रमणको एजेन्डामा कुनै नयाँ विषय आउँदैन, नयाँ किसिमका सहमति वा सम्झौताहरू हुँदैन भन्ने प्रधानमन्त्रीको भनाइ छ। पहिलेदेखि भइरहेको पाइपलाइनमा रहेका परियोजनाहरू अथवा पहिला भएका सहमति लगायतका कुराहरू छन्, त्यसलाई नै फलोअप गर्नुपर्ने स्थिति देखिएको छ, नेपालको सन्दर्भमा। त्यसपछि अगाडि बढ्नुपर्छ। त्यसैले, यो भ्रमण उपलब्धीपूर्ण नै हुनेछ। अहिलेको भ्रमणलाई राजकीय भ्रमण भनिएको छ, तर राजकीय भ्रमण हुँदा कुनै न कुनै किसिमको समझारी वा सम्झौता हुने गरेको छ। केही भइहाल्यो भने त्यो आश्चर्यको कुरो मान्नु हुँदैन। किनभने यो राजकीय भ्रमण हो।

० प्रधानमन्त्री सम्बन्धलाई सुमधुर बनाउन मात्र भारत जान लागेका हुन कि अरू पनि केही कारण छ ?

– दुई देशबीच सम्बन्ध चिसिदै गएको छ भन्ने कुरा कारण नै छैन। सम्बन्ध जबसम्म सुधार हुँदैन तबसम्म अरू किसिमका सहकार्य हुन सक्दैन। विश्वास बलियो नभएसम्म हुँदैन। भित्र एउटा कुरा बाहिर अर्को कुरा गरेर हुँदैन। दुईटै प्रधानमन्त्रीहरूको वान-टु-वान वार्ता पनि पक्कै होला। त्यसमा एक अर्कामाथि विश्वास गर्न सक्ने वातावरणको निर्माण पक्कै हुन्छ। अहिले नेपालमा चुनाव भएर जुन सरकार गठन भएको छ त्यो स्थायी रूपमा पाँच वर्षका नै भएको मान्नुपर्ने हुन्छ। यो सरकारसँग सहकार्य गर्दा भारतलाई पनि सजिलो हुन्छ। पहिला कस्तो थियो भने ६ महिना हो कि, ९ महिना हो, वा एक वर्षका लागि हो ठेगानै थिएन। अनि के कुरा गर्ने ? किनभने केही कुरा गऱ्यो भने भोली पर्सी अर्को सरकारको निर्माण हुनथ्यो। त्यसैले त्यति विश्वासको वातावरण बनेको थिएन। अब पाँच वर्षका स्थायी सरकार आएको हो। नेपालको चाहना पनि यही हो कि सबभन्दा राम्रो सम्बन्ध भारतसँग होस्। भारतको सहकार्य भएन भने नेपालको प्रगतिमा धेरै अप्ठ्याराहरू आउन सक्छ।

० अहिलेको सरकारसँग दुई तिहाईभन्दा बढीको बहुमत छ र यो सरकारले पाँच वर्षसम्म काम गर्न सक्ने देखिएको छ। यसरी हेर्दा प्रधानमन्त्री ओलीको यो भ्रमण दीर्घकालीन रूपमा फलदायी हुनसक्छ भन्ने विश्वास गर्ने ठाउँ छ ?

– एकदम विश्वास गर्ने ठाउँ छ। म त यो भ्रमणबाट एकदम आशावादी छु। यसपटकको भ्रमणमा कुनै खासै प्रोजेक्ट नआउँला, नयाँ सम्झौता नहोला त्यो अर्कै कुरा हो। तर, सम्बन्ध यस्तो बन्छ कि त्यो दीर्घकालसम्म जाने नै हुन्छ। एकअर्कामाथि विश्वासको वातावरण भयो भने नेपाल समृद्धि हासिल गर्न र भारतको तर्फबाट विभिन्न किसिमका सहयोगहरू आउने छ।

० नेपाल-भारतबीच जति घनिष्टताको सम्बन्ध छ, त्यति नै बेलाबखतमा सम्बन्धमा उतार-चढाव पनि आइरहन्छ, के कारणले यस्तो भएको हो ?

– आफ्नै गाउँघर वा घरकै कुरा हेर्दा जति घनिष्टता रहन्छ आफ्ना सदस्यहरूबीचमा त्यो हुँदाहुँदै पनि कहिले काँही दूरी बढ्न सक्छ। त्यसले गर्दा विश्वासमा अलिकति ह्रास आउँछ। तर, अहिलेको जुन अवस्था देखिएको छ यो स्वास्थ्यवर्द्धक नै मान्नुपर्छ। जति नजिकको सम्बन्ध हुन्छ, बेलाबखतमा त्यति उतारचढाव भइरहन्छ। जस्तै, बंगलादेश, भूटान, पाकिस्तान वा अन्य मुलुकसँग त्यति नजिकको सम्बन्ध नभएकोले त्यति धेरै सम्बन्धमा उतार चढाव आउँदैन।

० नेपालमा वाम गठबन्धनको सरकार बनेपछि भारतको रणनीति फेरिएको हो?

– होइन, होइन। भारतमा पनि के धारणा छ भने भारत र नेपालबीच सम्बन्ध दुई-तीन किसिमले बुझ्नुपर्ने हुन्छ। जति नेपाल र भारतको सम्बन्धमा सरकार-सरकार, नागरिक-नागरिक विभिन्न किसिमका ट्याकहरू छन्। वाम गठबन्धन हुँदैमा भारतले अर्कै किसिमको रणनीति अपनाउँला, राष्ट्रलाई नराम्रो गर्ला, मानवअधिकारको हनन् होला लगायतका विभिन्न प्रकारका कुराहरू भइरहेको, जसमा सत्यता छैन। त्यो लाइनमा हाम्रो वाम गठबन्धन पनि छैन। हुन त मार्क्सवादी, लेनिनवादी भन्छन्, त्यो हुँदा पनि आफ्नो माटो सुहाउँदो नेपालमा हुँदैन। अहिलेको सरकारले राम्रै किसिमले चलाउला र जनताको भावना पनि बुझिरहेका छन् नि। यसपटकको चुनावको परिणामबाट के बुझ्न सकिन्छ कि वाम गठबन्धनले जथाभावी गर्दैन। यो सरकारले नेपाली जनताको हक हितमै काम गर्छ।

० भारतीय प्रधामनन्त्री नरेन्द्र मोदी आफै कम्युनिष्ट विरोधी हुनुहुन्छ, यस अर्थमा उहाँले नेपालको कम्युनिष्ट सरकारसँग कसरी हातेमालो गर्न सक्नु हुन्छ ?

– कम्युनिष्टको विचार र क्रियाकलाप के कस्तो छ त्यसमा पनि निर्भर गर्छ। तर, भारतका प्रधानमन्त्री नरेन्द्र मोदी आफै एउटा विकासप्रेमी पनि त हुनुहुन्छ। त्यसैले, वाम गठबन्धन वा कम्युनिष्ट हुँदैमा के के होला भन्ने मोदीजी ठान्नुहुन्न। उहाँको नारा नै हो नि 'सब का साथ, सब का विकास'। वास्तवमा भन्ने हो भने त्यो पनि कम्युनिष्टको एउटा फिलोस्फी नै हो नि। फिलोस्फीको हिसाबले 'सब का साथ, सब का विकास' भनेको त्यहीं त हो नि। नेपालमा पनि जो कम्युनिष्टहरू छन्, त्यहाँ पनि त्यहीं भनिएको छ नि। जनताको चाहनाअनुसार, जनताले के चाहेको छ त्यसै किसिमको सेवा हामीले दिनुपर्छ भन्ने वाम गठबन्धनको पनि चाहना हो। त्यसैले, कम्युनिष्ट आउँदैमा के-के नहोला, मोदीजीले कम्युनिष्टलाई कसरी विश्वास गर्नुभएको छ ती कुराहरू हुँदैन। जस्तै, रूस र चीन कम्युनिष्ट हो तर तिनीहरूको भारतसँग कस्तो राम्रो सम्बन्ध छ। शासन व्यवस्था नै हेर्ने हो भने चीन (हार्डकोर कम्युनिष्ट) र भारत (हार्डकोर डेमोक्रेटिक)को धेरै फरक छ।

० भारतका लागि नेपाल कति महत्वपूर्ण छ ?

– जति नेपालका लागि भारत महत्वपूर्ण छ त्यति नै भारतका लागि नेपाल महत्वपूर्ण छ। किनभने भारतको पनि सुरक्षा चासो छ नि त। भारत त्यत्रो विशाल मुलुक छ, तीन तिरबाट नेपाललाई छेकेको हुनाले सीमा क्षेत्रमा पनि चासो छ। चासो मात्रै होइन, भारत कसरी आफ्नो सुरक्षा प्रणालीलाई उपयुक्त राख्न सक्छ भन्ने कुरामा नेपालको सहयोगको पनि आवश्यक पर्छ। त्यो एकदमै महत्वपूर्ण हो। सुरक्षाका कुरा, भारतको विकासका कुरा पनि यी कुराले महत्व राख्छ।

० नेपालको विकासमा भारतको योगदानलाई शब्दमा वर्णन सकिन्न तर भारत सरकारबाट सञ्चालित थुप्रै परियोजनाहरू सुस्त गतिमा चलिरहेको छ, किन यस्तो भएको होला ?

– यो समस्या अहिलेको मात्र होइन, पहिलादेखि नै हुँदै आएको छ। नेपालमा भारतीय परियोजनाहरू सुस्त गतिमा चलिरहेको छ, समयमा पूरा हुँदैन। ठेकेदार आउँछ र फेरि भागेर जान्छ, विभिन्न किसिमका समस्याहरू छन्। यसका लागि दुवैतिरबाट कमी कमजोरी भएका छन्। आइन्दा दुवै सरकारले रामोसँग निगरानी गरी यस्ता ढिलासुस्तीलाई रोक्नु पर्छ। चीनकै कुरा गरौं, चीनले दुई वर्षको परियोजना दिन्छ र समयमा नै पूरा गर्छ तर भारतको परियोजना समयमा पूरा हुँदैन। यसमा भारत र नेपाल दुबै मुलुकका कर्मचारी जिम्मेवार हुनुपर्छ। भारतीय परियोजनाहरू समयमा पूरा गर्नका लागि विस्तृत रूपमा छलफल नै गर्नुपर्छ।

० अन्त्यमा, वाम गठबन्धनको सरकारले भारतसँग अब कस्तो किसिमको सम्बन्ध बनाउनुपर्छ ?

– अहिलेको सरकारले स्थायित्व पाएकोले अबका दिनमा भारतसँग विश्सवनीयताको आधारमा सम्बन्ध कायम गर्नुपर्छ। नेपाल वा भारतका प्रधानमन्त्रीले ओजपूर्ण हिसावले कुराहरू गर्नुपर्छ। र, यो ओजपूर्ण कुराहरू मेन्टेन गर्नुपर्ने हुन्छ। सन् १९५० को सन्धिदेखि लिएर अहिलेसम्मका नेपाल-भारत सम्बन्धलाई कसरी राम्रोसँग सञ्चालन गर्ने भनेर प्रबुद्ध बौद्धिक समूह (इपीजी) पनि गठन भएको छ। त्यो इपीजीले एउटा दस्तावेज तयार गर्न लागेको छ र त्यस दस्तावेजमा दुबै पक्षले सहमति जनाएको मैले जानकारी पाएको छु। यो कुराहरूले गर्दा पनि आगामी दिनमा निश्चय नै राम्रो किसिमको फलदायी परिणाम दिनेछ।

➲ राजकीय भ्रमण हुँदा कुनै न कुनै किसिमको समझारी वा सम्झौता हुने गरेको छ। केही भइहाल्यो भने त्यो आश्चर्यको कुरो मान्नु हुँदैन। किनभने यो राजकीय भ्रमण हो।

➲ अब पाँच वर्षका स्थायी सरकार आएको हो। नेपालको चाहना पनि यही हो कि सबभन्दा राम्रो सम्बन्ध भारतसँग होस्। भारतको सहकार्य भएन भने नेपालको प्रगतिमा धेरै अप्ठ्याराहरू आउन सक्छ।

➲ जति नजिकको सम्बन्ध हुन्छ, बेलाबखतमा त्यति उतारचढाव भइरहन्छ। जस्तै, बंगलादेश, भूटान, पाकिस्तान वा अन्य मुलुकसँग त्यति नजिककोसम्बन्ध नभएकोले त्यति धेरै सम्बन्धमा उतार चढाव आउँदैन।

➲ यसपटकको भ्रमणमा कुनै खासै प्रोजेक्ट नआउँला, नयाँ सम्झौता नहोला त्यो अर्कै कुरा हो। तर, सम्बन्ध यस्तो बन्छ कि त्यो दीर्घकालसम्म जाने नै हुन्छ।

➲ भारतका प्रधानमन्त्री नरेन्द्र मोदी आफै एउटा विकासप्रेमी पनि त हुनुहुन्छ। त्यसैले, वाम गठबन्धन वा कम्युनिष्ट हुँदैमा के के होला भन्ने मोदीजी ठान्नुहुन्न। उहाँको नारा नै हो नि 'सब का साथ, सब का विकास'।

"मधेशको नेतृत्व युवाले लिनुपर्छ"

रिजवान अन्सारी

मधेशको राजनीतिलाई आन्दोलनको समयदेखि नै मूल्यांकन गर्नुपर्दा एउटा ठूलो र सशक्त आन्दोलनले यो देशमा परिवर्तन ल्याउन सम्भव भएको हो । मधेश आन्दोलन, मधेशी जनताले आफ्नो मुक्तिको लागि गरेको जनआन्दोलन हो । जबदेखि मधेशका अगुवा नेताहरूले नै यो आन्दोलन काठमाडौं केंन्द्रित हुनुपर्छ भने त्यसैबेलादेखि नै मधेशी जनताभित्र धोका हुने सम्भावना रहेको भावना प्रकट भयो । जुन बाटो मधेशी जनताको अधिकारसम्म पुग्ने सक्दैन र मधेशी जनताले अधिकार पाउँदैन् भन्ने थाहा हुँदाहुँदै पनि संविधानसभाको बनोट नै त्यस्तै थियो । सबै कुरा नमिल्दा पनि उनीहरूले आन्दोलनलाई छाडेर संविधानसभाबाट नै अधिकार लिन सकिन्छ, मधेशी जनताको सपना साकार गर्न सकिन्छ भन्ने सोचका साथ अगाडि गए । त्यहाँबाट नै उनीहरू गलत दिशातर्फ गएको अवस्था हो । वास्तवमा निर्वाचन पछिको अवस्था आन्दोलनका क्रममा मधेशी जनताले जे जस्तो भोगे पनि निर्वाचनको समयमा मत दिएर जिताए । जुन मतका सम्मान गर्दै उनीहरू लड्नुपर्थ्यो । मलाई लाग्छ कि निर्वाचन सम्पन्न हुने बित्तिकै सत्तामा जानु, मधेश आन्दोलनलाई तहसनहस पार्नु, मधेशी जनतामा आधारित शक्तिहरूलाई तोड्नु, फोड्नु काम सुरू भयो । राजपा र फोरमको एकताको कुरा पनि निर्वाचन सकिए लगतै फरक-फरक आउन थाल्यो । यसबेलादेखि नै उनीहरू सहि दिशामा लाग्लान् भन्ने लागेको थिएन । संघीय समाजवादी फोरम आफ्ना माग सम्बोधन भए पनि नभए पनि निर्वाचनमा सहभागी हुने भनेर अगाडी बढे । पछि राजपा पनि मैले किन गरिन भनेर पश्चताप गर्न थालेपछि यो अवस्था देखा परेको हो । अहिले पनि मधेशका जनता उनीहरूको क्रियाकलाप देख्दा अलि निराशापना आएको छ । केही कुरा नमिलेर मात्रै सरकारमा नगएका हुन् । मुद्दाको आवरण फेरिरहेका छन् । केही कुरा नमिलेर सत्तामा नगएका हुन् । यो कुराबाट पनि के प्रष्ट हुन्छ भने मधेशी जनताले पटक-पटक धोका खाएको हो । मधेशमा उत्पीडन छ ।

वास्तवमा पहिचानको समस्या हो, मधेशको आर्थिक अवस्था जर्जर छ । यहाँको गरिबी, अशिक्षा, भ्रष्टचारको अवस्था छ । मधेशी जनताले राज्य हाम्रो हो भन्ने अनुभूति नै गर्न पाएको छैनन् र राज्यले पनि अनुभूति दिलाउन सकेको छैन । यो समस्याबाट मधेशी जनता मुक्त हुन चाहन्छन् तर दुर्भाग्य के रह्यो भने समग्र मधेशको नेतृत्व गर्न सक्ने मात्र होइन, देशकै नेतृत्व गर्न सक्ने, दुरगामी सोच राख्ने नेताहरू वास्तवमै मधेशले पाउन सकेन । मधेशले मात्र होइन देशले नै पाउन सकेको अवस्था छैन । अहिलेको समग्र परिवेशलाई हेर्दा आन्दोलनले बिट मारेको अवस्था हो । मधेशी जनताका अधिकार सुनिश्चित संसदबाट हुने अवस्था देखिरहेको छैन । एमालेकै कारणले पहिलो संविधानसभा विघटन भयो । जहाँबाट मधेशी जनताले अधिकार पाउन सक्थ्यो । यथास्थितिमा राख्नका लागि र जनतालाई अधिकार नदिलाउनका लागि नै अनेक किसिमका जालझेल गरेर पहिलो संविधानसभाको हत्या एमालेको मुख्य योजनामा भएको थियो । एउटा यथास्थितिवादी शक्तिका पक्षधर, अग्रगामी शक्तिका विरोधी मधेशी जनता लगायत नेपालका उत्पीडित जनता दलित, आदिवासी, मुस्लिम, महिला, पिछडिएको क्षेत्रलाई अधिकार दिन नचाहने, यो मुलुकलाई फेरी पनि एकल जातीय शासनलाई कायम राख्न चाहने तीव्र रूपमा एमालेभित्र देखा परेको छ । त्यो शक्तिलाई नै मानेर लछ्यारपछ्यार गर्न थालेपछि त अलिकता मधेशी जनतामा, आन्दोलनकारी शक्तिहरूमा उनीहरूको क्रियाकलापले हिनता बोध भएको छ । म के भन्न चाहन्छु भने यसरी निराश भएर होइन, हाम्रो लडाई भनेको दुई चार वर्ष गरेर छोडिने खालको होइन । यो लामो संघर्ष हो । वर्तमानको राजनीतिक शक्तिले एउटा दिशामा पुऱ्याउन सकेन भने पनि निराश हुनुहुँदैन । मधेशी जनताको आन्दोलन, मधेशी जनताको माग, समानुपातिक धारणा, समान न्यायको चाहना, अधिकार सम्पन्न प्रदेशको चाहना, समानुपातिक समावेशिताको चाहना, पूरा नभएसम्म यो देशमा र मधेशमा दमन र शोषण, उत्पीडन, एकल जातीय शासनलाई विभिन्न रूपमा कायम राख्ने र निरन्तरता दिने षडयन्त्र भइरहेसम्म आन्दोलन रोकिदैन र आन्दोलनलाई नयाँ ढंगबाट पुनर्गठन गरेर मधेशको आन्दोलन र सम्पूर्ण जनताको उत्पीडनको आन्दोलन सशक्त ढंगबाट अगाडी बढ्छ ।

> सत्तामा त जाने हो तर के का लागि जाने भन्ने कुरा प्रष्ट हुनुपर्छ । सत्तामा जानको लागि मुद्दासँग सम्झौता गरेर जाने हो कि या मुद्दा प्राप्त गर्ने दिशामा अगाडी जाने हो । मुद्दासँग सम्झौता गरेर जाने अदूरदर्शी, असक्षम, अयोग्य र बेइमान वर्तमान राजनीति नेतृत्वको कारणले मधेशी जनताको ठूलो आन्दोलनले यो अवस्था व्यहोर्नु परेको छ ।

राजपा र फोरम केन्द्रीय सरकारको प्रतिपक्षमा रहेर काम गर्नुपर्ने हो । मुद्दाको लागि सशक्त रहेर आन्दोलन गर्नुपर्थ्यो । प्रतिपक्षमा रहेर भूमिका निर्वाह गर्नुपर्छ । त्यसकारण नै जनताले जितायर पठाएका हुन् तर उनीहरू सत्ताबिना बाँच्न नै सक्दैनन् । जस्तो पानी र माछाको सम्बन्ध हुन्छ त्यस्तै वर्तमान मधेशको नेतृत्वसँगको सत्तासँग छ । त्यसैले सत्ताको लागि पटक-पटक धोका दिएको र मुद्दालाई विर्सजन गरेको हो । त्यसकारण एउटा अवसरवादी र सत्तालिप्सा भएको वर्तमान राजनीतिक नेतृत्वले मधेशी जनताको मुक्ति गराउँछ भन्ने आशा राख्नु भनेको हाम्रो लागि दुःखद कुरा हो ।

अहिले जनतामा निराशा र आक्रोश छ । मधेशवादी दलहरूमा एक प्रकारको सत्तालिप्सा देखिएको छ । हो, सत्तामा त जाने हो तर के का लागि जाने भन्ने कुरा प्रष्ट हुनुपर्छ । सत्तामा जानको लागि मुद्दासँग सम्झौता गरेर जाने हो कि या मुद्दा प्राप्त गर्ने दिशामा अगाडी जाने हो । मुद्दासँग सम्झौता गरेर जाने अदूरदर्शी, असक्षम, अयोग्य र बेइमान वर्तमान राजनीति नेतृत्वको कारणले मधेशी जनताको ठूलो आन्दोलनले यो अवस्था बेहोर्नु परेको छ । त्यसकारण मैले जनतालाई आह्वान गर्दैछु हाम्रो पार्टीको तर्फबाट हामी निराश भएर आत्मघाती कदमहरू नचालौं । हामी सशक्त ढंगबाट पुनर्सगठित भएर अहिलेसम्म भएका मधेश मुक्तिका आन्दोलनहरूको गहिरो समीक्षा गरौं । हाम्रो कुन-कुन ठाउँमा गल्ती, कमजोरी भएको छ, त्यो कमजोरी नदोहोऱ्याएर हामीले आन्दोलनलाई पुनर्गठित गरेर जानुपर्छ । खासगरी मधेशका युवा, बुद्धिजीविहले राजनीति फोहरी खेल हो भनेर बाहिर बस्नु भनेको जिम्मेवारी पूरा गर्नु होइन । त्यसैले सम्पूर्ण देशका असल राजनीतिक कार्यकर्ताहरू राजनीतिमा अगाडी आउनु पर्छ । राजनीतिले नै सत्ता चलाउने हो र सत्ताले नै देशमा सुशासन ल्याउने हो । त्यसकारण असल र इमान्दार मान्छे अगाडि आउन पर्छ किनभने अँध्यारोमा आफ्नो कुनै अस्तित्व हुँदैन । अँध्यारो भनेको उज्यालोको अनुपस्थिति हो ।

(नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष अन्सारीसँग मधेशवाणीले गरेको कुराकानीमा आधारित)

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उच्च सम्मान गर्छु : प्रम ओली

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकार प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध रहेको बताएका छन् । रिपोर्टस क्लब नेपालको २०औं वार्षिक उत्सव कार्यक्रमलाई शनिवार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सञ्चार माध्यमहरूलाई सरकारले अनुचित थिचोमिचो गर्छ भन्ने भ्रमको पछि नलाग्न आग्रह गरेका छन् । "बाम सरकारले अधिनायकवाद ल्याउँछ । प्रेस स्वतन्त्रता हनन् गर्छ भन्ने सुन्नु भएको होला" प्रधानमन्त्री ओलीले भने "यस्ता हल्लाका पछि नलाग्नुहोस् सरकार प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उच्च सम्मान गर्छ ।" प्रधानमन्त्री ओलीले कसैलाई पनि सौखलाई सिद्धान्त नबनाउन आग्रह गरेका छन् । "सुतली बम सिद्धान्त होइन । कसैको अभिलासा पुरा गर्न जनताले दुःख पाउनु हुँदैन" प्रधानमन्त्री ओलीले भने, "चन्दा उठाउने कुरालाई सिद्धान्त मान्न सकिदैन ।" प्रधानमन्त्री ओलीले जनतामा राजनीतिक मात्र हैन सामाजिक, आर्थिक, जागरण पनि चाहिएको बताएका छन् । "हाम्रा राजनीतिक र सामाजिक संरचनाहरूमा धेरै उथलपुथल आएको छ" प्रधानमन्त्री ओलीले भने, "त्यसकारण अब हाम्रा व्यवहारमा पनि त्यस्तै परिवर्तनको आवश्यक छ ।"

काठमाडौं–तराई/मधेश दूतमार्गको प्रगति

काठमाडौं । दूतमार्ग निर्माण तथा आयोजना स्थलको सुरक्षार्थ पहिलो चरणमा गत श्रावणको दोश्रो साताबाट काठमाण्डौको मख्खुबेशी, मकवानपुरको सिस्नेरी दोभान, लेनडांडा, बुदुने तथा बाराको बागदेव ईलाकामा गरी पाँच स्थानमा सुरक्षा वेश क्याम्पहरू स्थापना गरी कार्य गर्दै आइरहेको छ । हाल ललितपुर जिल्लाको खोकना, मकवानपुर जिल्लाको ठिंगन, महादेवटार तथा राजदमार र बारा जिल्लाको निजगढ गरी थप पाँच स्थानहरूमा अस्थायी क्याम्पहरू खड़ा गरी Soil Reinfocrement, Cutting तथा Filling / Cross Drainage कार्यहरू भईरहेको छ । उक्त आयोजनालाई थप गति दिई तोकिएकै समयमा सम्पन्न गर्ने लक्ष्य अनुरूप हाल २० स्वदेशी निर्माण व्यवसायीहरूलाई विभिन्न स्थानहरूमा कार्य गर्ने गरी कन्ट्राक्ट अवार्ड गरिएको छ । अन्य ३ निर्माण व्यवसायीहरूलाई कन्ट्राक्ट अवार्ड गर्ने प्रकृयामा रहेको । साथै, ५ निर्माण व्यवसायीहरूसँग नेपाली सेनाको लागि आवश्यक पर्ने उपकरणहरू उपलब्ध गराउने गरी सम्झौता भई कार्य भईरहेको छ । दूतमार्गको मागाधिकारभित्र परेका रूख कटान र व्यवस्थापन कार्यलाई तीव्रता दिने कार्य भइरहेको र सोही क्रममा हाल मकवानपुर जिल्लाको बुदुने तथा लेनडांडा ईलाकामा रूख कटान कार्य भइरहको छ ।

मधेश अपडेट

कर बन्द गर्ने उपेन्द्र यादवको चेतावनी

सप्तरी । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रदेश २ बाट उठ्ने कर केन्द्रीय सरकारलाई नदिने चेतावनी दिएका छन् । उनले विकासको मामिलामा सबभन्दा पछाडि परेको प्रदेश २ लाई विशेष प्याकेजसहित बजेट नदिए कर बन्द गर्ने चेतावनी दिएका हुन् । सप्तरीको राजविराजमा मुस्लिम समाजद्वारा आयोजित सम्मान कार्यक्रममा उनले सम्बोधन गर्दै यस्तो चेतावनी दिएका हुन् । विकासका लागि विशेष प्याकेजसहितको पर्याप्त बजेट नदिए केन्द्र सरकारलाई प्रदेशबाट जाने कर बन्द गर्ने चेतावनी दिएका छन् । प्रदेश २ लाई हेर्ने काठमाडौंको नजर अति नै पूर्वाग्रही रहेको अध्यक्ष यादवले आरोप लगाए । ' मधेशका जनतालाई नागरिक मान्न पनि तयार उनको गुनासो थियो ।

प्रदेश २ लाई मुलुककै एक नम्बर बनाउने

राजविराज । प्रदेश २ का मुख्यमन्त्री मो. लालबाबु राउत गद्दीले प्रदेश २ लाई मुलुककै १ नम्बरको प्रदेश बनाउने दाबी गरेका छन् । उनले गरिबी, अशिक्षा र बेरोजगारी हटाएर नमूना प्रदेश बनाउन आफूले काम गर्ने बताए । शनिबार मुस्लिम समाज सप्तरीले राजविराजमा आयोजना गरेको सम्मान कार्यक्रममा मुख्यमन्त्री राउतले देशमा दलितभन्दा पनि मुस्लिम समुदायको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्था अझै कमजोर रहेको जानकारी पनि दिए । कार्यक्रममा फोरम अध्यक्ष यादव, मुख्यमन्त्री राउतदेखि स्थानीय तहसम्मका जनप्रतिनिधिरूलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो भने नेपाली भाषामा अनुवाद गरिएको १/१ थान कुरान उपहार स्वरूप प्रदान गरिएको थियो ।

कार्यान्वयनमा समस्या छ : कृषिमन्त्री खनाल

भैरहवा । कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री चक्रपाणि खनाल बलदेवले मन्त्रालयहरूमा बनेको नीति नियम र कानुनहरूलाई कार्यान्वयनमा लैजानुपर्ने बताएका छन् । रूपन्देही उद्योग व्यापार संगठनले आयोजना गरेको सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उनले अब सरकारको ध्यान कानुन र नीति निर्माणमा भन्दा कार्यान्वयनमा हुने बताएका हुन् । आफूले सम्हालेको मन्त्रालयमा पनि धेरै राम्रो कानुन र नीति नियम बनेको बताउँदै उनले बिहारका मुख्यमन्त्री नीतिशकुमारले पदभार ग्रहण गरेपछि दिएको अभिव्यक्तिलाई स्मरण गर्दै भने, 'बिहारका मुख्यमन्त्री नीतिशकुमारले पदभार ग्रहण गरेपछि मलाई कुनै पनि नयाँ कानुनको जरूरत छैन भनेका थिए, कारण के रहेछ भने उनी सत्तामा आएपछि केही गरेनन् भएका कानुनहरू राम्रोसँग अध्ययन गरे र काम गर्नेहरूको सुची बनाएर कार्यान्वयनमा लगे, र अहिले बिहारमा शान्ति सुरक्षा लगायतका राम्रो कामहरू पनि भएको देखिन्छ । त्यसैले अब हाम्रो मन्त्रालयमा पनि कानुनको कुनै अभाव छैन, ती बनेका कानुनहरूको कार्यान्वयनमा अभाव छ, अब ती कानुनहरूको कार्यान्वयन गर्नुको विकल्प छैन ।'

भोजपुरी भाषामा किताब लेखन कार्य सम्पन्न

वीरगंज । भोजपुरी भाषामा प्रारम्भिक कक्षाका लागि किताब लेखन कार्य एक कार्यक्रमबीच होटल कुमु पैलेसमा सम्पन्न भएको छ । ग्रामिण विकास केन्द्र नेपाल रौतहटका अध्यक्ष पारस हुसेनको अध्यक्षता ५ दिने भोजपुरी भाषाको किताब लेखन कार्यशाला शनिवार सम्पन्न भएको छ । मंगलबारदेखि शुरू भएको कार्यक्रममा सबै प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गरियो । कार्यक्रममा प्रशिक्षक पाठ्यक्रम विकास केन्द्र सानोठिमीका पाठ्यक्रम अधिकृत रजनी धिमाल, विश्व शिक्षाका प्रोग्राम मैनेजर सीमा अचार्य, कार्यक्रम अधिकृत सचिन खड्का र तालिम तथा पाठ्यक्रम विशेषज्ञ मोहन प्रसाद भुर्तेल लगायतले आ आफ्नो शुभकामना मन्तव्य व्यक्त गरेका थिए । भोजपुरी भाषा प्रदेश २ का लागि सराहनीय भाषाको रूपमा विकास होस भन्ने यो प्रशिक्षण कार्यक्रम राखीएको थियो ।

पार्टी एकीकरण घोषणा छिट्टै : उपाध्यक्ष रावल

कैलाली । नेकपा (एमाले)का उपाध्यक्ष भीमबहादुर रावलले एमाले र नेकपा (माओवादी केन्द्र)का बीचमा पार्टी एकीकरणको घोषणा छिट्टै हुने बताएका छन् । राजनीतिक प्रतिवेदन कार्यदलको सदस्यसमेत रहेका नेता रावलले राजनीतिक प्रतिवेदनको मस्यौदालाई तयार गरिसकेको र त्यसलाई लगभग अन्तिम रूप दिइसकेको जानकारी दिए । उनले अन्तरिम विधान निर्माणको कामलाई पनि लगभग सम्पन्न गरिसकेको बताए । उपाध्यक्ष रावलले राजनीतिक दस्तावेजलाई अन्तिम रूप दिन अलिकति विलम्ब भएका कारण पार्टी एकीकरणको काम प्रधानमन्त्रीको भारत भ्रमणभन्दा पछि हुने अवस्था देखिएको बताए ।

"समृद्ध प्रदेश बनाउन पहल हुँदैछ"

बाँके । प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले मुलुकैं उत्कृष्ट, समृद्ध प्रदेश बनाउन पहल थालिएको बताएका छन् । लायन्स क्लब अफ इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ बि-२ नेपालको छैठौं नेशनल कन्भेन्सन शनिबार नेपालगन्जमा उद्घाटन गर्दै उनले आर्थिक समृद्धिका लागि कृषि, सिंचाइ तथा उत्पादनमुखी क्षेत्रलाई उच्च प्राथमिकता दिने प्रतिबद्धता गरे । मुख्यमन्त्री पोखेलले नेपाली जनताको आत्मविश्वास बढाउन आवश्यक रहेको भन्दै त्यसका लागि राजनीतिक नेतृत्व र कर्मचारी प्रशासनको साथ हुनुपर्नेमा जोड दिए ।

उद्योगीले औंल्याए समृद्धिका पाँच आधार

वीरगञ्ज । वीरगञ्जका उद्योगी व्यापारीहरूले प्रदेश नं. २ को समृद्धिका पाँच आधार औंल्याएका छन् । उनीहरूले व्यापार, पारवहन, उद्योग, कृषि र धार्मिक पर्यटन मार्फत प्रदेश समृद्ध हुन सक्ने बताएका हुन् । वीरगञ्ज उद्योग वाणिज्य संघले वीरगञ्जमा आयोजना गरेको प्रदेश नम्बर २ को आगामी नीति र कार्यक्रम तर्जुमा तथा परिमार्जनसम्बन्धी सुझाव संकलन कार्यक्रममा वक्ताहरूले सडक, शिक्षा, स्वास्थ्य र स्वरोजगारमा ध्यान दिन प्रदेश सरकारलाई सुझाव दिए । वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष एवं उद्योगी अशोक टेमानीले प्रदेशको विशिष्टतालाई हेरेर डीपीआर बनाउनुपर्ने बताए । 'नेपालको ९० प्रतिशत आयात निर्यात भारतसँग हुन्छ र त्यसको अधिकांश हिस्सा वीरगञ्ज नाकाबाटै हुने गरेको छ, र साथै नेपालको ७० प्रतिशत उद्योग प्रदेश नं २ मा छ,' उनले भने, 'कृषिको प्रचुर सम्भावना पनि यसको सबल पक्ष हो, धार्मिक पर्यटनका लागि पूर्वाधार निर्माण गर्न सके त्यसबाट पनि लाभ लिन सकिन्छ ।'

प्रदेश १ को आर्थिक विधेयक पारित

विराटनगर । प्रदेश नं १ को प्रदेशसभाको बैठकले संशोधनका लागि टेबुल गरिएको प्रदेश आर्थिक कार्यविधि विधेयक, २०७४ लाई सर्वसम्मत रूपमा पारित गरेको छ । आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आइवोले टेबुल गरेको सो विधेयक सर्वसम्मत पारित गरिएको हो । यसअघि सो विधेयकको १ देखि ६४ सम्मको धारा, नाम र प्रस्तावना विधेयकको अंग बनोस् भनी राखिएको प्रस्तावपनि सर्वसम्मत ढंगले पारित भएको छ । प्रदेशसभाको शून्य समयमा ११ जनाले आआफ्ना जिल्लाका नदी कटान, सुकुम्बासी, भूकम्पपीडित र बाढीपीडितका समस्या, सडकको दुरवस्था आदि विषयमा ध्यानाकर्षण गराएका थिए ।

आइसीपी सुविधा नेपाललाई हस्तान्तरण

वीरगन्ज । पर्साको वीरगञ्जमा निर्माण भएको एकीकृत सुरक्षा जाँच चौकी (आइसीपी) को सुविधा भारत सरकारले नेपाली पक्षलाई हस्तान्तरण गरेको छ । भारत सरकारको सहयोगमा आइसीपीमा निर्माण गरिएका भवन, विभिन्न पूर्वाधार तथा सुविधाहरू नेपाली पक्षलाई हस्तान्तरण गरेको हो । वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदुत विसी प्रधानले सो कागजात वाणिज्य मन्त्रालय अन्तर्गतको इन्टरमोडल यातायात विकास समितिको आइसीपी कार्यालय प्रमुख हेमेन्द्रमोहन शाहीलाई हस्तान्तरण गरेका हुन । नेपाल तर्फको आइसीपी निर्माण सम्पन्न भएपछि भारत सरकारले नेपाललाई त्यहाँ उपलब्ध पूर्वाधार तथा सेवा सुविधा हस्तान्तरण गरेको भारतीय महावाणिज्यदुत प्रधानले बताए ।

राजनीतिमा युवाको भूमिका

श्याम कुमार यादव

हामी प्रत्यक्ष वा अप्रत्यक्ष रूपले अफ्नो जीवनकालमा घटिरहेका घटनाहरूसंग कुनै न कुनै प्रकारले सम्बन्ध राखेका हुन्छौं । मुख्यतः चलनचल्तीमा होस् वा पूर्वकालका घटनाहरूमा विशेष गरि युवाहरूको भूमिका राजनीतिक कियाकलापमा रहेको पाइन्छ । धेरैजसो सोसियल मिडियाको अनुसन्धानले अनलाईन वा अफलाईन तवर वा तरिकाबाट राजनीतिमा सकारात्मक सम्बन्ध हुन्छ भन्ने देखाएको छ । हामी सक्रिय राजनीतिमा हुन्छौं भने आफ्नो मुद्दा आफै तय गर्न सक्दछौं । हाम्रो जीवनमा जन्मदेखि मरणसम्म राजनीतिक घेराभित्र रहेका हुन्छौं । जस्तै हामी जन्म लिनु साथ पौलियोको शिकार भएका छौं कि छैनौं भन्ने विषयमा राजनीतिकबाट तय भएको हुन्छ । त्यसैगरी अफ्नो पहिचान स्थापना लगायत शिक्षा, रोजगारी, स्वतन्तन्त्रता पूर्ब बांच्न पाउने हक वा छुवाछूत तथा भेदभाव विरूद्धको हक हाम्रो नैसर्गिक अधिकार भएतापनि राजनीतिक प्रश्नसंग भएका हुन्छन् ।

नेपालमा १६ वर्षदेखि ४० वर्ष उमेरसम्मका युवा भनि बर्गीकरण गरिएको छ जसको कुल जनसंख्या ४०.३ % (१०,६८९,८४२) रहेको छ । तर युवा विकासका लागि चहिने आधारभूत आवश्यकता शिक्षामा जम्मा ७१% छ र रोजगारी त झनै न्यून । युवाहरूमा विकास नहुनुमा प्रमुख कारण मध्ये एक कारण पूर्ण समय राजनीतिमा दिनु हो । हामी सम्पूर्ण युवा विद्यार्थी पूर्ण समय राजनीतिमा नदिई राजनीतिलाई समानुजमुखि कसरी बनाउनेमा लाग्नुपर्छ । सर्वप्रथम अफ्नो भविष्य उज्जवल पारी समानतामुलक समाजको अगाडी बढाउनु पर्छ । असल शासन, पारदर्शिता, विधिको शासन, जवाफदेहितामा युवा विद्यार्थीको प्रमुख भूमिका रहेको हुन्छ ।

युवाहरू सामाजिक कार्यकर्ताका रूपमा रहँदा सडकमा आन्दोलन गर्छन् तर असल चुनावका बेला असल प्रतिनिधि छान्न मौन, सिथिल र सुस्त भईदिने गर्दछन् । राजनीतिमा हुँदै आएको पुरानो परिपाटीलाई परिवर्तन गर्न युवावर्ग अग्रसर हुनुपर्छ । राजनीतिले देश बिगाऱ्यो, नेताहरू राम्रा छैनन् भनेर निराशावादी कुराहरू गर्नुभन्दा राजनीतिको सही मतलब के हो त्यो कुरा उजागर गर्न युवा अगाडि बढ्नुपर्छ । राजनीतिक दलका नेताहरूको झोले अथवा लठैत बन्नुभन्दा राजनीतिमा भएका विकृतिहरूलाई कसरी हटाउनेतिर युवाहरू सोच्नुपर्ने समय आएको छ । अहिलेको एक्काइसौं शताब्दीमा युवाहरू अगाडि नआए हामी समाजमा परिवर्तन ल्याउन सक्दैनौं । अहिले प्राविधिक युग हो । यो प्राविधिक युगमा विश्वका अनेकौं मुलुकहरू विकासमा फड्को मारिरहेका छन् । तर, हामीसंग विकासका अपार सम्भावनाहरू हुँदाहुँदै विश्वका गरिब मुलुकहरूमध्ये एकमा पर्छौं ।

समाजलाई बदल्न लगातार आन्दोलनमा तत्पर रहने युवाले आन्दोलनका ती उपलब्धिहरूलाई संस्थागत गर्न अग्रसरता नदेखाउँदा राजनीति नै बदनाम भइरहेको छ । जो व्यक्ति समाजलाई बदल्न लडाई लडी समाजलाई बदल्न चाहन्छ त्यो राजनीतिमा आफ्नो शक्तिको साथ उत्रिनु पर्छ । समाजिक कार्यकर्ता मात्र नभई असल शासनमा योगदान पुऱ्याउन राष्ट्रियस्तर वा स्थानीय स्तरको चुनावमा सहभागी भई सक्रियता राखी नीति नियममा अहम् भूमिका खेल्नु पर्दछ हुनुपर्छ ।

हामी युवाहरूमा सामाजिक निकटता, अर्थिक समृद्धि, राजनीतिक स्थायित्व,कायम गर्ने हौसला, मिहेनत, सकारात्मक सोच र देश सहि दिशातर्फ लैजाने अठोट भएको कारणले गर्दा युवालाई देशको कर्णधार भनिएको हो । महान व्यक्ति कौटिल्यले भन्नु भएको छ, 'जबसम्म हामीले दौड्ने साहस जुटाउन सक्दैनौं, तबसम्म हामीलाई प्रतिस्पर्धामा जित्न सक्दैनौं ।' त्यसैले हामी प्रतिस्पर्धामा भाग लिन विकल्पको राजनीतिकद्वारा देशलाई महान शक्तिको रूपमा स्थापना गर्नु पर्दछ ।

हामी युवा विद्यार्थीको मुख्य काम पढाई भएता पनि हाम्रो समाजमा रहेका विकृति, विसंगति र खराब आचरण विरूद्ध लडाई लडी देश र धर्म बचाउनु उद्धत रहनु पर्दछ । यसै सन्दर्भमा भगत सिंहले भन्नु भएको छ, 'विद्यार्थीको काम पढाई भएता पनि अफ्नो वरिपरी घटिरहेका अन्याय, साम्प्रदायिकता, असहिष्णुताप्रति अन्जान वा लापरवाह रही किताबमा अल्झिएर बस्नु हुँदैन ।' यस्तै, वीर शहीद शुकराज शास्त्रीले भन्नु भएको थियो, "जननी जन्मभूमिका लागि तन, मन, धन अर्पण गर्ने छौ । शरिरको माया त्यागी धर्म युद्धमा मर्ने छौ ॥" अन्तः यो सन्देश सबैमा पुग्न जरूरी छ ।

अन्त्यमा, युवा परिवर्तनका संवाहक हो भनिन्छ । तर, अहिलेका युवावर्गले राजनीतिलाई जुन घृणा नजर हेर्ने गरेका त्यसले परिवर्तन सम्भव छैन । समाज र राष्ट्रमा समृद्धि र विकासका लागि राजनीतिबाट नै सम्भव हुन्छ । तसर्थ, राजनीतिलाई सही बाटोमा डोऱ्याउन हामी युवाले सकारात्मकरूपमा सक्रिय भई राजनीतिको सही अर्थ बुझ्नुपर्छ । राजनीति केका लागि र किन गरिन्छ भन्ने कुरा बुझ्नुपर्छ ।

(लेखक, समाजवादी विद्यार्थी फोरम नेपालका सचिवालय सदस्य हुन् ।)

पारम्परिक शिक्षाले प्रदेशको मुहार फेर्न सकिँदैन : मुख्यमन्त्री राउत

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेश नं. २ लाई प्राविधिक शिक्षाको हब बनाउने दिशामा आफूहरू उन्मुख रहेको बताएका छन् ।

सामाजिक विकास मन्त्रालयले बुधवार जनकपुरधाममा आयोजना गरेको 'संघीयतामा शैक्षिक कार्यदिशा, संगठन तथा जिम्मेवारी' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मुख्यमन्त्री राउतले पारम्परिक शिक्षाले प्रदेशको मुहार फेर्न नसकिने बताउदै अबको दिनमा प्राविधिक शिक्षामा जोड दिने निति बनाउन समाजिक विकास मन्त्रालयलाई निर्देशन समेत दिएका हुन् ।

प्राविधिक शिक्षाका लागि सीटीईभीटीले विभिन्न बखेडा झिक्ने गरेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले प्रदेश सरकारको नीति बमोजिम प्राविधिक शिक्षाको लागि निश्चित मापदण्ड अनुरूप अनुमति दिने व्यवस्था

सीटीईभिटीलाई गर्नु पर्ने समेत बताए । प्राविधिक शिक्षा प्राप्त गर्ने नागरिक आफैमा दक्ष हुने र त्यसले प्रदेश तथा मुलुकलाई समेत फाइदा हुने भएकाले प्रदेश सरकार आफ्नो नीति तथा कार्यक्रममा प्राथमिकताका साथ राखेको जानकारी समेत उनले गराए ।

विगतमा यस प्रदेशका कलेजहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याती प्राप्त गरेको भएपंछि पछिल्लो समयमा धारासायी हुनुमा सबै पक्षको कमजोरी रहेको औल्याउँदै उनले पुनः त्यो ख्याती स्थापित गर्न निरीक्षणको भूमिकालाई प्रभावकारी बनाउन सम्बन्धित निकायलाई निर्देशन समेत दिए ।

प्रदेश नं. २ मा मात्र दुई लाखभन्दा बढी बालबालिका विद्यालयभन्दा बाहिर रहेको तथ्यांक उदेकलाग्दो रहेको बताउँदै उनले सबै बालबालिकालाई विद्यालयमा पुऱ्याउन प्रदेश सरकारले आफ्नो सय दिने कार्यक्रममा बेटी पढाउ बेटी बचाउ, दलित बालबालिकाका लागि विशेष शिक्षा योजना सहितको कार्यक्रम ल्याएकोले त्यसको सफल कार्यान्वयनमा लाग्न सम्वन्धित अधिकारीहरूलाई निर्देशन दिएका हुन् ।

सामाजिक विकासमन्त्री नवलकिशोर साहको अध्यक्षतामा भएको उक्त अन्तरक्रिया कार्यक्रमको उद्घाटन सत्रमा क्षेत्रीय शिक्षा निर्देशक दिनेश श्रेष्ठ, शिक्षा विभागका निर्देशक केशव दाहाल, सामाजिक विकास मन्त्रालयका सचिव डा. किरण रूपाखेती, प्रदेशका मुख्य सचिव राजेश्वरमान सिंह सहितका वक्ताहरूले सम्बोधन गरेका थिए ।

नेपाल सरकार
कृषिविकास मन्त्रालय
उच्चमूल्य कृषि वस्तु विकास आयोजना(HVAP)
वीरेन्द्रनगर, सुर्खेत

IFAD
Investing in rural people

उच्च मूल्य कृषि वस्तुको वजारमूखी उत्पादनमा वृद्धि ! रोजगारी, गरिबी न्यूनिकरण र समावेशी आर्थिक समृद्धि !!
कृषि बीमा गरौं ! लगानीको जोखिमलाई न्यून गरौं !!

उच्चमूल्य कृषि वस्तु विकास आयोजना कृषिविकासकालागिअन्तराष्ट्रिय कोष(IFAD)को ऋण तथाअनुदान सहयोगमा कृषिविकास मन्त्रालयद्वारा आ.व. २०६७/६८ देखि कार्यान्वयनगरिएको र चालु आ.व. २०७४/७५ सम्म संचालनमा रहनेछ । यस आयोजनाले हालसम्मआयोजनालागु भएकासुर्खेत, दैलेख, जाजरकोट, सल्यान, कालिकोट, जुम्ला, र अछाम जिल्लाहरूमा७ वटा मूल्यश्रृंखलाहरू (स्याउ, तरकारीको बीउ, अदुवा, वेसार, वेमौसमी तरकारी, खसिबोका र टिमुर) माकूल १५ हजार (लक्ष १३,५००) भन्दा वढी कृषक परिवारहरूलाई व्यवसायीकउत्पादन् तथावजारिकरणमा विभिन्नकोषहरू मार्फत सहयोग गरेको छ जसमा६२ प्रतिशतमहिला(लक्ष ६० प्रतिशत) तथा ३२ प्रतिशतदलिततथाजनजातीको सहभागीता(लक्ष २५ प्रतिशत) रहेकोछ ।त्यसैगरी मूल्यश्रृंखलाअभिवृद्धि (संकलन, प्रशोधन, वजारिकरण तथानियांत प्रवर्द्धन) कालागि २४ वटा निजि कृषिव्यवसायीहरू र स्थानीयस्तरमा सेवाप्रदाताकालागि५४ जनानिजि सेवाप्रदायकहरूलाई मूल्यश्रृंखलाकोष मार्फत सहयोग गरिएको छ । त्यस्तै भौगोलिक समावेशिकरणका लागि ८ वटा संरचना, मूल्यश्रृंखलाको क्षेत्रगतविकासकालागि २० वटा संरचनातथा समस्यामाआधारित २२ वटा ससानाकार्यगत अनुसन्धान सम्पन्नभएको छ । गतआ.व. २०७३/७४ को अन्तमाप्रति कृषक परिवार प्रतिवर्ष अतिरिक्तआम्दानीआधार वर्षको तुलनामाऔषतमारू. २८ हजारले वृद्धि भएको छ (आयोजनाको अन्तसम्मको लक्ष रू. ३० हजार) र आ.व. २०७४/७५ को अन्तमाआम्दानी वृद्धिको लक्षहासिलहुने अपेक्षागरिएको छ ।

थप जानकारीको लागि ☞

आयोजना व्यवस्थापन कार्यालय (PMU),
सुर्खेत
सम्पर्क फोन: ०८३-५२००३८, ५२५५८४
फ्याक्स: ०८३-५२५४०३
टोल फ्रि नम्बर: १६६०८३५२४४४

आयोजनाको सम्पर्क कार्यालय, मानभवन,
ललितपुर
सम्पर्क फोन/फ्याक्स: ०१-५५५२९७७
E-mail: info@hvap.gov.np
Website: www.hvap.gov.np

संक्षिप्त समाचार

भारतीय नागरिकलाई बसोबासको प्रमाण पत्र

रूपन्देही । भारतीय राजदुतावासले यस क्षेत्रमा कामको शिलशिलामा बस्दै आएका करिब ४ सय भारतीय नागरिकलाई दतावासले नेपालमा अस्थायी बसोबासको प्रमाण पत्र दिएको छ । बुटवल उद्योग वाणिज्य संघको पहलमा हिजो र आज संघ सचिवालयमा भारतीय दुतावासका अधिकारीहरूले यस क्षेत्रमा बसोवास गर्दै आएका नागरीकहरूलाई अस्थायी बसोबासको प्रमाणपत्र दिएका हुन् । बुटवलमा अस्थायी बसोबास गर्ने भारतीय नागरिकले बैंकिङ्ग कारोबार, व्यवसाय तथा अन्य विभिन्न क्षेत्रमा दुःख पाइरहेकाले संघले दूतावासलाई आग्रह गरी बुटवलबाट अस्थायी बसोबासको प्रमाण वितरणको व्यवस्था गरेको र यस पटक ३ सय ९१ जनाले प्रमाणपत्र लिएको संघका अध्यक्ष खिम बहादुर हमालले बताए । बुटवल उद्योग वाणिज्य संघको पहलमा यस अघि २ पटक भारतीय दुतावासले बुटवलबाटै अस्थायी प्रमाण पत्र वितरण गरेको थियो ।

इन्टरनेशनल प्रेस क्लब नेपाल च्याप्टर गठन

विराटनगर । अन्तर्राष्ट्रिय प्रेस क्लब नेपाल च्याप्टरअन्तर्गत 'इन्टरनेशनल प्रेस क्लब नेपाल च्याप्टर' गठन भएको छ । नेपाल र भारतका पत्रकारको समन्वयमा उक्त क्लब गठन भएको हो । पत्रकार हिरालाल साहको अध्यक्षमा प्रदेश नं १ र २ पत्रकारलाई समेटेर १९ सदस्यीय समित गठन गरिएको आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । प्रदेश नं १ र २ को उपाध्यक्षद्वयमा कौशल निरौला र गणेश ठाकुर रहेका छन् भने महासचिवमा पदम सरदार, उपमहासचिवमा चन्दन रौनियार, सचिवमा प्रदेश नं १ र २ बाट क्रमशः नितेश चौधरी र अनिल बर्मा रहेका छन् । त्यसैगरी कोषाध्यक्षमा प्रदेश नं २ बाट पारसमणि ठाकुर तथा प्रदेश नं १ बाट सहकोषाध्यक्षमा सुशीला पाठक रहेका छन् । सल्लाहकार समितिमा नेपाल पत्रकार महासंघ मोरङका अध्यक्ष बन्धु पोखरेल, महासंघका उपाध्यक्ष कुमोद अधिकारी, नेपाल प्रेस युनियन मोरङका अध्यक्ष मीनकुमार नबोदित, मधेशी पत्रकार समाजका अध्यक्ष श्यामसुन्दर सुतिहार, सूर्यनारायण यादव र अनन्त अनुराग रहेका छन् ।

विद्यार्थी फोरमको आयोजनामा रक्तदान

वीरगंज । समाजवादी विद्यार्थी फोरम नेपाल पर्सा शाखाले रक्त संचार केन्द्र वीरगंजको सहयोगमा आयोजना गरिएको रक्तदान कार्यक्रममा एक महिला सहित ३७ व्यक्तिले रक्तदान गरेका छन् । वीरगंज महानगरपालिका स्थित ठाकुरराम बहुमुखी क्याम्पसको परिसरमा आयोजित रक्तदान कार्यक्रम संघीय समाजवादी फोरम नेपाल पर्साका कार्यवाहक अध्यक्ष सुन्दर प्रसाद कुर्मीको प्रमुख आतिथ्य, प्रदेशसभा सदस्य एवं फोरम नेपालका केन्द्रिय सदस्य प्रहलाद गिरी तथा फोरम नेपालको वीरगंज महानगरका नगर अध्यक्ष मुकेश द्विवेदीको विशेष उपस्थितिमा सम्पन्न भएको थियो । कार्यक्रमको अध्यक्षता समाजवादी विद्यार्थी फोरम नेपालका केंन्द्रिय सदस्य निखिल वर्णवालले गरेका थिए ।

ट्रेक्टर, ट्रक तथा ट्रिपरहरूलाई कारवाही

इमरान खान, कपिलवस्तु । कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा सडक तथा दुर्घटनालाई मध्यनजर राख्दै ट्राफिक प्रहरी कार्यालय तौलिहवाले ट्रेक्टर, ट्रक तथा ट्रिपरहरूलाई व्यापक रूपले कारवाही गारेको छ । भवर, ओभरलोड बोकी पानी चुहाएर सडकको अवस्था बिगर्ने सवारी साधनहरू ट्रेक्टर, ट्रक तथा ट्रिपरहरूलाई ट्राफिक प्रहरी कार्यालय तौलिहवाले बुद्धपदम स्कुलको खेल मैदानमा सयौंभन्दा बढी ट्रेक्टर, ट्रक तथा ट्रिपरहरूलाई रोकेर जम्मा गरी प्रशिक्षण दिंदै बारम्बार सम्झाउँदा पनि अटेर गर्ने सवारी चालकहरूलाई सचेत गराउँदै अवदेखि तीव्र गतिमा नचलाउन, ओभरलोड नबोक्न, पानी नचुहाउने तथा बिल बुक, सवारी चालक अनुमतिपत्र तथा ट्रेक्टरहरूमा टल्किने रिफलेक्टेड स्टिकर आनिवार्य रूपमा राख्नुपर्छ भनि ट्राफिक प्रहरी कार्यालय तौलिहवाका प्रमुख असई राम शरण कुमालले आधा घन्टासम्म ट्रेक्टर, ट्रक तथा ट्रिपरका सवारी चालकहरूलाई प्रशिक्षण दिएर पानी चुहाएका ५० भन्दा बढि ट्रेक्टरहरूलाई चार घन्टासम्म नियन्त्रणमा राखेका थिए ।

गौरमा चट्याङबाट एक महिलाको मृत्यु

रौतहट । गौर नगरपालिका वार्ड नम्बर ४ टिकुलियामा चट्याङ लागेर एकजना महिलाको मृत्यु भएको छ । शुक्रवार बेलुकीको समयमा आएको वर्षासंगै हुरी बतासको समयमा ठूलो आवाजले चट्यांग पर्दा घरमा रहेकी स्थानीय हरिकिशोर पटेलको २२ वर्षीय श्रीमती सुनीता देवी पटेलको मृत्यु भएको हो । चर्को आवाज भएको कारण हृदयाघातबाट महिलाको मृत्यु भएको हो । पीडित परिवारका अनुसार चर्को आवाजले परेको चट्यांगका कारण मृत्यु भएको हो ।

सचेतनामूलक कार्यक्रम सम्पन्न

धनुषा । प्रदेश नं. २ प्रहरी कार्यालय जनकपुर र नबिल फाउण्डेसनको सहकार्यमा जनकपुर उप-महानगरपालिका स्थित पिडारी चोकमा शनिवार आयोजित एक समारोह बिच विभिन्न सार्वजनिक यातायात, नगरबस तथा ई-रिक्साहरूमा सचेतनामूलक सन्देशहरू भएका स्टिकर टांस गर्ने कार्यक्रम सम्पन्न भएको छ । २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक विजयलाल कायस्थ, नबिल फाउण्डेसनका अध्यक्ष,जनकपुर उप-महानगरपालिकाका मेयर तथा उप-मेयर एवं जनकपुर स्थित प्रहरी अधिकृत तथा जवानहरूको उपस्थितीमा उक्त स्टिकर टांस गरिएको थियो ।

कुटपिटबाट एकको मृत्यु

रौतहट । गरूडा नगरपालिका-७ पिपरिया दोस्तिया बस्ने ४० वर्षीय राम किशोन यादबको कुटपिटबाट मृत्यु भएको छ । मृतक राम किशोन र सोही ठाउँ बस्ने ३२ वर्षीय मनोज यादब बीच आइतबार बच्चाको बिषयलाई लिएर झैझगडा हुँदा टाउकोमा गम्भीर चोट लागेर घाइते भएका राम किशोनको हेल्थ केयर अस्पताल बीरगंजमा उपचारको क्रममा मृत्यु भएको थियो । कुटपिट गर्ने मनोजलाई प्रहरीले नियन्त्रणमा लिएर यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

करेन्ट लागेर मृत्यु

रूपन्देही । सैनामैना नगरपालिका-८ रामापुर बस्ने २३ वर्षीय मदन न्यौपानेको करेन्ट लागेर मृत्यु भएको छ । आइतबार सोही नगरपालिका-६ स्थित मलमला मन्दिरमा नेटको तार तान्ने क्रममा करेन्ट लागेका न्यौपानेको लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो ।

आगलागीबाट १५ घरगोठ जल्यो

सुनसरी । कोशी गाउँपालिका-६ को यादव बस्तीमा आगलागी हुँदा १५ घरगोठ जलेर खरानी भएको छ । आइतबारा भएको आगलागीबाटकरीब रू ३५ लाखको क्षति भएको प्रहरीले जनाएको छ । भारत बिहारको सीमा जोडिएको नेपाली बस्तीमा रहेको लालो झाका घरमा गहुँ केलाउन चलाइएको ब्रेसर यन्त्रबाट प्रारम्भ भएको आगलागीमा परी बस्ती ध्वस्त भएको प्रहरीले जनाएको छ । आगलागीमा परेर सो बस्तीको सम्पूर्ण घर ध्वस्त हुँदा ती सबैको अन्नपात, सुनचांदीका गरगहना तथा अन्य महत्वपूर्ण सामग्रीसंगै भाँडावर्तन, लत्ताकपडालगायत सबै जलेर नष्ट भएका कारण बस्तीका मानिसका लागि आपत्कालीन सहयोग आवश्यक भएको प्रहरीले जनाएको छ ।

गोली हान्ने सुटर सार्वजनिक

चन्द्रकान्त खनाल, रूपन्देही । रूपन्देहीको देवदहका व्यवसायी बलु पौडेललाई गोली हान्ने सुटर सुबास गुरूङलाई प्रहरीले पकाउ गरी सार्वजनिक गरेको छ । जिल्ला प्रहरी कार्यालय रूपन्देहीले हिजो पोखराबाट पकाउ गरि आज बुटवलमा पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो । लमजुङ बाङ्गे गांउपालिका ५ भोर्लेटार स्थायी घर भई हाल पोखरा महानगरपालिका १० रामबजारमा बस्दैआएका २१ वर्षिय बिबेक भनिने सुबास गुरूङले पैसाको लोभमा आफुले बलुलाइ गोली हानेको स्वीकार गरेको प्रहरीले बताएको छ । रूपन्देहीका प्रहरी प्रमुख एसपी श्याम ज्ञवालीका अनुसार गोली हाँन्नका लागि सुबासले एक लाख रूपैयँ लिएका थिए । गुन्डा नाइके मनोज पुनको समूहले बलुलाइ ०७४ पुस २९ गते बलुको गोली हानेर हत्या गरेको थियो । पकाउ परेका सुबासलाइ कर्तव्य ज्यान,हातहतियार तथा खरखजाना ऐन अन्तर्गत कारवाहि हुने इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायब उपरिक्षक केशब भट्टराइले जानकारी दिए ।

जनकपुरधाम-पटना र काठमाडौं-बोधगया बस सेवा सञ्चालन

जनकपुरधाम । बिहारको राजधानी पटना र नेपालको प्रदेश नम्बर २ को राजधानी जनकपुरलाई बस सेवाबाट जोडिने प्रकृयाहरू पुरा भएका छन् । अधिकारीहरूका अनुसार अप्रिल १५ तारेखदेखि पटना-जनकपुरधाम र बोधगया-काठमाण्डु बस सेवा सञ्चालन हुने छ । दुई देशबीच सञ्चालन हुन लागेका बसहरू अत्यन्त अरामदायी र सुविधा सम्पन्न रहेको दावी गरिएको छ ।बस सेवा सञ्चालनका लागि बिहार सरकार र नेपाल सरकारले अनुमति प्रदान गरिसकेको अधिकारीहरूले जनाएका छन् । बोधगयाबाट काठमाण्डुका लागि छुट्ने बस पटनाहुँदै मुजफ्फरपुर, रक्सौल, बीरगञ्ज भएर काठमाण्डु जाने रूट निर्धारण गरिएको छ । पटनाबाट मुजफ्फरपुर, सीतामढी हुँदै बस जनकपुरधाम जाने अधिकारीहरूले जनाएका छन् । भारती सरकारले यसै हप्ता सेवा सञ्चालनका लागि अनुमति दिने अनुमान गरिएको छ । बिहार र नेपाल सरकारले अनुमति दिईसकेपनि भारतीय सरकारलाई अनुमति प्रदान गर्न कठिनाई नहुने अधिकारीहरूले बताए । बोधगयाबाट काठमाण्डुका लागि ४ वटा बस र पटनाबाट जनकपुरका लागि ५ वटा सब सेवा सञ्चालन हुनेछ । बोल्वो ईञ्जिन भएको बसहरू बतानुकुलित लगायतका सुविधाहरू युक्त रहने छन् ।बिहार सरकारले' ३ पी' (पब्लिक, प्राईवेट पार्टनरशिप)को मोडलमा निजी बस सञ्चालकहरूबाट सेवा सञ्चालनमा ल्याउने छ ।बोधगयाबाट काठमाण्डु चल्ने बसका लागि वीआइपी ट्राभल्सका संचालक सतीश कुमारसित सरकारले सम्झौता गरेको छ । उक्त रूटमा चल्ने ४ वटै बस वीआइपी ट्राभल्सका रहने छन् ।त्यसैगरि पटनादेखि जनकपुरका लागि ३ वटा बस चलाउने अनुमति सतीश कुमारलाई दिइएको छ । अर्का बस एजेन्सीका संचालक अमित कुमारलाई पटनादेखि जनकपुरका लागि २ वटा बस सञ्चालनका लागि अनुमति दिएको छ ।बोधगयाबाट काठमाण्डुको दूरी ६ सय ५० किलोमिटर रहेको छ । पटनाबाट जनकपुरको दूरी २ सय १०किलोमिटर रहेको छ । बोधगयाबाट काठमाण्डु जाने बस पटनाहुँदै जाने छ । यसमा पटनाबाट पनि यात्रुहरूले सिट सुरक्षित गर्न सक्नेछन् । कानूनी प्रकृयाहरू अन्तिम चरणमा रहेपनि बसको समय तालिका निर्धारण गरिएको छैन् ।बोधगयाबाट काठमाण्डुको भाडा ९ सय भारतीय रूपैया राखिएको छ ।त्यसै गरी पटनादेखि काठमाण्डुको ८ सय र पटनादेखि जनकपुरधामको भाडा २ सय ५० भारतीय रूपैया निर्धारण गरिएको छ ।

पञ्चेश्वर आयोजनाले नेपालको विकासमा कायापलट गर्ने : राजदूत पुरी

धनगढी । नेपालका लागि भारतीय राजदूत मञ्जिब सिंह पुरीले राजदूत पुरीले प्रदेश नम्बर ७ का जनता र भारतको उत्तराखण्डका जनताले पाँच हजार मेगावाटको पञ्चेश्वर आयोजनाको निर्माण भए विकास र समृद्धिका लागि अर्को पुस्तासम्म पर्खिनु नपर्ने बताएका छन् । यही पुस्ताले विकास, समृद्धि महसुस गर्ने बताउदै उनले पञ्चेश्वर आयोजनाले यहाँको विकासमा कायापलट गर्ने निश्चित रहेको उनले बताए । धनगढीमा व्यवसायीहरूसँगको छलफलमा राजदूत पुरीले यस्तो कुरा बताएका हुन् । धनगढीको सुविधाका लागि गौरीफन्टा नाकालाई स्तरोन्नति गर्न असम्भव रहेको बताउँदै राजदूत पुरीले दुधवा नेशनल पार्क बन्यजन्तु र वातावरणीय दृष्टिकोणबाट अत्यन्त समवेदनशील भएकोले त्यसलाई प्रभावित हुने गरी दुधुवा नेशनल पार्कभित्र नाका र सडक स्तरोन्नति कार्य हुन नसक्ने स्पष्ट पारेका हुन् । दोधरा चाँदनीमा सुख्खा बन्दरगाह र त्यहाँसम्म भारतीय रेल सेवा विस्तार भए पश्चिम नेपाल भारतको दिल्ली र मुम्बईसँग जोडिने पुरीको भनाइ थियो ।

प्रमको भारत भ्रमण : बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन प्राथमिकतामा

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीको यही चैत २३ गतेदेखि हुन लागेको भारतको राजकीय भ्रमणका क्रममा नयाँ बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माणको विषयमा छलफल गर्ने तयारी गरिएको छ । ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका प्रवक्ता दिनेश घिमिरेका अनुसार लामो समयदेखि चर्चामा रहेको सो प्रसारण लाइन निर्माणको विषयलाई प्रमुख प्राथमिकतामा राखेर निर्माण शुरू गर्ने विषयमा छलफल गर्ने र आवश्यक निर्णय गर्ने तयारी गरिएको छ । सो प्रसारण लाइनलाई नेपालले सरकारी तहमा नै निर्माण गर्नुपर्ने प्रस्ताव राख्दै आएको छ । तर भारतीय पक्षबाट भने व्यावसायिकरूपमा नै सो परियोजना अगाडि बढाउनुपर्ने प्रस्ताव गरिएको छ । आर्थिक, सामाजिक तथा रणनीतिक महत्वको सो प्रसारण लाइन निर्माणका लागि सहमति जुटाएर अगाडि बढ्ने योजनाअनुसार प्रस्ताव तयार पारिएको प्रवक्ता घिमिरेको भनाइ छ ।

जथाभावी शुल्क नलिन शिक्षामन्त्रीको निर्देशन

काठमाडौं । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले जथाभावी शुल्क नलिन निजी विद्यालय सञ्चालकहरूलाई निर्देशन दिएका छन् । शिक्षा क्षेत्र उच्चतम् मुनाफा कमाउने क्षेत्र होइन, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल केन्द्रीय सचिवालयद्वारा काठमाडौंमा आयोजित बधाई तथा शुभकामना कार्यक्रममा पोखरेलले भने, 'मन्त्रालयको निर्देशिका ऐन, नियममा रहेर शुल्क लिनुस् ।' विद्यार्थीहरूलाई पुस्तकको भारी बोकाएर शिक्षा नबढ्ने मन्त्री पोखरेलले बताए । विद्यार्थीले बोक्नै नसक्नेगरी अव्यवहारि ढंगले पुस्तक किन्न लगाउनु गलत हो मन्त्री पोखरेलले भने, 'सामाजिक न्यायमा आधारित रहेर काम गर्नुस । नियम विपरीत शैक्षिक शुल्क उठाएको गुनासोहरू आएका बताउँदै पोखरेलले यस्ता कार्य तत्काल बन्द गर्न निर्देशन दिए । निजी, सहकारी, र सार्वजनिक तिनै निकायसँग सहकार्य गर्न शिक्षा मन्त्रालय तयार रहेको मन्त्री पोखरेलको भनाई थियो । समुदायमा आधारित शिक्षा हुनुपर्ने पोखरेलको भनाई छ ।

नेपालका पाँच स्थान रेलमार्गबाट जोडिँदै

काठमाडौं । भारत सरकारको सहयोगमा नेपालका पाँचस्थानमा रेलमार्गले जोडिने भएका छन् । आठ वर्षअघि दुई देशबीच भएको समझदारीअनुसार भारतले रेलमार्ग निर्माण द्रुत गतिमा अघि बढाउने भएको छ । नेपाल र भारतबीच भएको समझदारीअनुसार बर्दिबास-जयनगर ६८ दशमलव ७२ किलोमिटर लामो रेलमार्ग निर्माणको काम अन्तिम चरणमा पुगेको छ । बदिबास-जयनगर रेलमार्ग भारतको मधुवनी जिल्ला हुँदै नेपालको धनुषा, महोत्तरी र सिराहा जिल्लालाई समट्नेछ । नेपालतर्फ कूल ६५ दशमलव ७३ किमी रेलमार्ग पर्दछ भने भारततर्फ २ दशमलव ९९ किमी पर्दछ । सो रेलमार्गमा गुड्ने रेलको गति १०० किमी प्रतिघण्टा रहनेछ । सो रेलमार्गमा १७ वटा ठूला पुल र १२३ वटा साना पुल निर्माण भएका छन् । भारत सरकारको तर्फबाट रेल जोडिने बित्तिकै बदिबास-जयनगर रेल सञ्चालनमा ल्याउने तयारी गरिएको छ । सम्भवतः आगामी बैशाखदेखि नै सो रेलमार्गमा रेल चल्नेछ । यस्तै समझदारीअनुसार, विराटनगर-जोगवनी १८ दशमलव ६ किमी, भैरहवा-नौतनवा १५ दशमलव ३० किमी, नेपालगञ्ज-नेपालगञ्ज रोड १२ दशमलव ११ किमी, काँकडभिट्टा-जल्पाइगुडी ७० किमी रेलमार्ग निर्माण हुनेछन् । जोगवनी-विराटनगर रेलमार्ग भारततर्फ ५ दशमलव ४५ किमी र नेपालतर्फ १३ दशमलव १५ किमी पर्नेछ । रेलको गति भने १०० किमी प्रतिघण्टा नै रहनेछ । सो रेलमार्गमा तीन मुख्य र २९ वटा सहायक पुल पर्नेछन् । उक्त रेलमार्ग दुई चरणमा निर्माण गरिने छ । सन् २०२० सम्ममा नै निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

विराटनगरको रेलमार्गमा पर्ने जग्गाको विषयमा विवाद परेपछि सर्बोच्च अदालतमा दर्ता भएको मुद्दा विचाराधीन रहेको छ । मुद्दाको किनारा लाग्नेबित्तिकै रेलमार्ग निर्माण शुरू गर्ने तयारीका साथ रेल विभाग लागिपरेको छ । जग्गाप्राप्ति तथा मुआब्जा वितरणको काम प्रभावकारी हुन नसक्दा समस्यामा पर्दै आएको हो । अदालतमा मुद्दा परेका कारण केही समय ढिलाइ भए पनि अब छिट्टै निर्माण शुरू हुने उपाध्यायले जानकारी दिए । त्यसैगरी नेपालगञ्ज-नेपालगञ्ज रोड १२ दशमलव ११ किमी लामो रेलमार्गको सर्वेक्षणको काम सम्पन्न भएको जानकारी दिँदै रेल विभागका सिनियर डिभिजनल इञ्जिनियर उपाध्यायले प्राविधिक काम सबै सकिएकोण्ले अब छिट्टै सो रेलमार्गको काम अगाडि बढाइने बताए । यस्तै काँकडभिट्टा-जल्पाइगुडी रेलमार्गको अध्ययनको काम नै अगाडि बढेको छैन । विभागले नेपाल र भारतका अधिकारीसँग समन्वय गरेर अध्ययन अगाडि बढाउने योजना तय गरेको छ । यसैगरी भैरहवा-नौतनवा १५ दशमलव ३० किमी लामो रेलमार्ग निर्माणको अध्ययन शुरू हुन सकेको छैन । विभागले सो रेलमार्गको समेत छिट्टै अध्ययन शुरू गर्ने तयारी गरेको छ । यस्तै विभागले पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माणका लागि पनि विस्तृत परियोजना प्रतिवेदन(डिपिआर) तयारीको काम विभिन्न खण्डमा भइरहेको छ । विभागका अनुसार विसं २०७५ को मंसिरअघि सबै खण्डको डिपिआर सम्पन्न गर्ने लक्ष्य राखिएको छ । सरकारले सो परियोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा राखेको छ । झापाको काँकडभिट्टादेखि कञ्चनपुरको गड्डाचौकीसम्मको करीब ९४५ किमी लामो विद्युतीय रेलमार्ग विद्यमान पूर्व-पश्चिम राजमार्गको समानान्तर रूपमा निर्माण गर्ने तयारी गरिएको छ ।

एकै पटक दुई सिंचाई आयोजनाको निर्माण कार्य सुरू

मणि प्रसाद गैहे

कपिलवस्तु । सिंचाईका कारण समस्यामा परेका किसानहरूका लागि कपिलवस्तु नगरपालिकामै एकै पटक दुई वटा सिचाइ आयोजनाको काम सुरूवात भएको छ । सदरमुकाम तौलिहवामा रहेको कपिलवस्तु नगरपालिकामा एकै पटक दुई सिचाई आयोजनाको निर्माण सुरू भएको छ । कपिलवस्तु नगरपालिका- २ मालम्तीय सिचाई आयोजना र नगरपलिको वडान नम्बर ८ मा दोहनी सिंचाई आयोजनाको निर्माण सुरू भएको हो । सिंचाई विकास डिविजन अनुसार लम्तीयामा ८ करोड ७४ लाख र दोहनीमा ९ करोड ९१ लाखको आयोजनानिर्माण हुँदैछ । दुवै सिंचाई आयोजनाको शिलान्यास गर्दै पुर्व सिंचाई राज्यमन्त्री तथा नेपाली कांग्रेसका जिल्ला सभापति सुरेन्द्रराज आचार्यले आयोजनाले कृषकहरूलाई धेरै फाईदा पुग्ने विश्वास व्यक्त गरे । पुर्व सिंचाई राज्यमन्त्री आचार्यकै पहलमा दुवै स्थानमा सिंचाई आयोजनाको बजेट र विनियोजित भएको हो । आचार्यले जिल्लाकै ठुलो बाणगंगा सिचाई आयोजनाले रहेको कपिलवस्तु नगरपालिमा यी दुई सिचाई आयोजनाले नगरपालिकामा सिचाइ सुविधा विस्तार हुने बताए ।

प्रदेश नम्बर ५ की प्रदेश सदस्य रिना नेपलले सिंचाई आयोजनाले कृषकहरूले दुई फसल सजिलरी लगाउन सक्ने बताईन । उनले सिंचाई सुबिधालाई बढाउन आफुले पनिप्रदेश बैठकमा कुरा उठाउने बताईन । मेयर किरण सिंहले नगरपालिकाले सिंचाईको सुविधा बिस्तारकालागिथप बजेटहरू बिनियोजितगर्ने बताए ।

उनले कृषकहरूको मागअनुसार आवश्यक अन्य कृषि सेवाहरू समेत बढाउने बताए । दुवै सिंचाई आयोजनाको २ महिना अघि देखि निर्माण सुरू भएको हो । सिचाई आयोजना २०७६ असोजमानिर्माण सपन्नहुने योजना छ । लम्तिया सिंचाई आयोजनाअन्र्गत ३ दशमदव १ किलो मिटर मुख्यनहर र ५ वटा शाखानहर निर्माण गरिनेछन ।

यसमा हेड बर्क्स र ४३३ मिटर नहर लाईनिड गरिनेछ । सिचाइआयोजनाले ३सय ९ घरधुरीका २ हजार ४९० कृषकलाई प्रत्यक्ष फाईदा पुग्ने सिचाई डिबिजनका प्रमुख राजेन्द्र महतोले बताए । आयोजनाले ३ सय हेक्टर सिचाई सुबिधा बिस्तार हुनेछ ।

दोहनी सिंचाई आयोजामा ४ दशमलव ४ किलो मिटर मुख्यनहर बनाईनछ । सय मिटरको पक्की लाईनिड, सानो कुलो पुल ३ वटा, ४ वटा फाटक बनाईन छन । आयोजाले ७ सय हेक्टरमा सिंचाई सुबिधाले ४ हजार कृषकलाई प्रत्यक्षफाइदा पुग्ने छ ।

दुवै आयोजनाका लागि जमुहार खोलाबाट पानी लगिनेछ । सो अवसरमा नगरपालिकाका प्रमुख किरण सिंह, उपप्रमुख लक्ष्मी गुप्ता, प्रशासकिय अधिकृत विमल राज आर्चाय, २ नं बडाका बडा अध्यक्ष रामभजन कलवार, ८ नं बडाका बडा अध्यक्ष शिव प्रसाद पाण्डेय, बडा सदस्य दुर्गेस पाण्डेय लगायतले योजना सफलताको शुभकामना दिएका थिए ।

राइड टु सिन्धुलीगढी साइकल यात्रा जनकपुरसम्म हुने

काठमाडौं । समृद्ध सिन्धुली अभियानले सिन्धुलीगढीमा तत्कालीन ब्रिटीस कम्पनीको सेनालाई पराजित गरेको सम्झनामा सुरू गरिएको साइकल यात्रा यस वर्ष सांस्कृतिक सहर जनकपुरधामसम्म विस्तार गरिने भएको छ ।

यस वर्ष विवाह पञ्चमीमा जनकपुरमा हुने महोत्सवमा सहभागी गराउने गरी साइकल यात्रीलाई लैजान लागिएको हो । जनकपुरधामसम्म हुने महोत्सवमा सानो पाइला, फ्याक्ट्स नेपाल, स्टोरी साइकल, कन्सेप्ट नेपालगायतका संस्था सहआयोजकका रूपमा रहने छन् । साइकल यात्रालाई पर्यटन बोर्डले प्रवर्धनमा सघाउने छ । यात्राको नेतृत्व विश्वसाकल यात्री पुस्कर शाह र अर्का चर्चित यात्री देवेन्द्र बस्नेतले गर्नेछन् । साइकल यात्रा २०७५ मंसिर २३, २४, २५ र २६ गते गरी चारको दिन हुनेछ । 'साइकल यात्राले काठमाडौंलाई ऐतिहासिक सिन्धुलीगढी र सांस्कृतिक सहर जनकपुरधामलाई जोड्ेर विश्वसाम् परिचित गराउने हाम्रो उद्देश्य हो', साइकल यात्राका संयोजक सौरभ ढकालले भने, 'सिन्धुलीगढीसम्म हरेक वर्ष गरिँदै आएको साइकलयात्रालाई यस वर्ष दुई नम्बर प्रदेशको राजधानीसम्म पुरयाउन लागेका छौं ।'

कांग्रेसका सांसद्को रक्सी भट्ठीमा राजस्वद्वारा सिलबन्दी

सर्लाही । नेपाली कांग्रेसका एक प्रदेशसभा सदस्यले सञ्चालन गर्दै आएको रक्सी भट्ठीमा आन्तरिक राजस्व कार्यालयले सिलबन्दी गरेको छ । कांग्रेसका सर्लाही ४ (क)का सांसद् वीरेन्द्रप्रसाद सिंहले धनकौल गाउँपालिका-२ मा सञ्चालन गर्दै आएको अभिनव डिस्टिलरीमा राजस्वले सिलबन्दी गरेको हो । सो डिस्टिलरीमा सांसद् सिंहले रक्सीमा प्रयोग हुने गरेको कच्चा पदार्थमा कमसल (नक्कली) वस्तुको मिसावट गर्दै रक्सी उत्पादन गर्दै आएको र आन्तरिक राजस्व कार्यालयको गुणस्तरीय चिन्ह समेत जाली बनाएको रहस्य खुलेको छ । जनप्रतिनिधिले नै सञ्चालन गर्दै आएको रक्सी भट्ठीबाट उत्पादन हुने रक्सीका कारण स्थानीयको स्वास्थ्यसँग खेलवाड भइरहेको व्यापक गुनासोपछि राजस्वले छापा मारेको थियो ।

सो अभिनव डिस्टिलरीमा राजस्वले सिलबन्दी गरेपछि कांग्रेसका एक जना प्रतिनिधिसभा सदस्यले सिलबन्दी खोलाउन राजस्व कार्यालयमा दबाव दिएका थिए । तर, जनप्रतिनिधिले नै यस्तो गैरकानूनी कार्यमा संलग्न रहेको भन्दै राजस्वका अधिकारीले हप्काएर पठाएका थिए ।

गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं ।

सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरू बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।

खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यांस प्रयागकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।

चुरोट बिँडीजस्ता वस्तुहरू प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रो सँग निभाऔं ।

पेट्रोल, डिजेल, ग्यांस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।

आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं ।

सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं ।

आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।

आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरू चालू अवस्थामा राखौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना विभाग

पत्रपत्रिकाबाट...

ओलीको प्राथमिकतामा पर्नुपर्ने एजेन्डा

प्रा. डा. लोकराज बराल

प्रधानमन्त्रीमा निर्वाचित भएको ५० दिनपछि पहिलो विदेश भ्रमणका लागि केपी ओली भारत जांदै छन् । प्रधानमन्त्रीका हरेक भारत भ्रमणको विषयमा निरन्तर रूपमा चासो, चिन्ता र बहस हुन्छ । विगतमा सम्झौता भएका एजेन्डा र परियोजनाको काम तीव्र रूपमा हुन नसकिरहेका बेला प्रधानमन्त्रीले आफ्नो भ्रमणमा के-कस्ता एजेन्डा राख्दा उपयुक्त होला ? ओलीको प्राथमिकतामा पर्नुपर्ने पाँच एजेन्डा यस्ता छन् ।

विश्वासको वातावरण

३ असोज ०७२ मा नयाँ संविधान जारी भएपछि नेपाल र भारतको सम्बन्धमा दरार उत्पन्न भएको थियो । त्यो अझै कायम छ । सम्बन्ध सुमधुर बन्न नसक्दा दुई छिमेकीको राजनीतिक प्रभावमा पनि समेत असर परिरहन्छ । अहिले विश्व परिवेश मात्र होइन, नेपाल र भारतको सम्बन्ध पनि बदलिँदै गएको छ । यो बदलिँदो परिस्थितिमा नेपाल-भारत सम्बन्धलाई कसरी परिभाषित गर्ने भन्नेमा प्रधानमन्त्री केपी ओलीको भ्रमणले निर्धारण गर्नुपर्छ ।

अर्थात् दुई छिमेकीबीचको सम्बन्ध सुधार गरेर सहयोगात्मक र विश्वासयोग्य बनाउन पहल गर्नुपर्ने छ । नेपालले विश्वासको वातावरण बनाएर नै हाम्रा दुई छिमेकी भारत र चीनसँग सहयोगात्मक सम्बन्ध हुनुपर्छ । अर्थात् नेपाल भारतमुखी वा चीनमुखी भएर सम्भव छैन । नेपालको सम्बन्ध भारतसँग हजारौं प्रकारका छन् । त्यो कुरालाई दुई देशले बुझेको अवस्थामा समस्या आउँदैन । भारत भ्रमणमा प्रधानमन्त्री ओलीले विश्वासको वातावरण बनाउन सक्दा सम्बन्ध खुला हुन्छ । त्यो खुला सम्बन्ध छिमेकीसँग बनाउन सक्नुपर्छ । अर्थात् नेपालको सम्बन्ध भारतसँगको सम्बन्ध यो स्तरको हो र चीनसँग यति स्तरमा छ भन्ने प्रस्टिनुपर्छ । नेपालको परराष्ट्र नीति अहिलेसम्म प्रस्ट हुन सकेन अर्थात् भाषणबाजी भरपर्ने स्थिति देखियो ।

राजनीतिक भाषणबाजी होइन सन्तुलित र ठन्डा दिमागले सोचेर परराष्ट्र सम्बन्ध विकास गर्नुपर्छ । नेताहरूले राजनीतिक नारा र भावावेगमा आएर बोल्नेभन्दा पनि परराष्ट्र नीति भनेको सहयोगात्मक सम्बन्धका आयामहरूको विकास हुनुपर्छ ।

मानसिकता परिवर्तन

एकातिर विश्वासको वातावरण बनेको छैन, अर्कातिर हाम्रो सोचाइमा फरकपन आएको छैन । अर्थात् हाम्रो मानसिकतामा परिवर्तन आवश्यक भए पनि त्यस्तो हुन सकेको छैन । नाकाबन्दीपछि नेपाल र भारत सम्बन्धमा तिक्ततापूर्ण सम्बन्ध त छ नै त्यसको अर्थ हामी सही अडानमा छौं भन्ने पनि होइन ।

हामीले हिजोको परम्परागत दृष्टिकोण राखेर सम्बन्ध कायम राख्न सक्दैनौं । र भारतीय पक्षले पनि परम्परागत सोच राखेर नेपाललाई हेर्दा दुई देशको सम्बन्ध सुधार हुन सक्दैन । विश्वको बदलिंदो परिवेशअनुसार नेपाल र भारतको मानसिकतामा पनि परिवर्तन आउन जरूरी छ ।

नयाँ परिस्थितिमा नेपाललाई हेर्ने भारतीय दृष्टिकोण परिवर्तन हुनैपर्छ त्यसमा भारतले नेपालका सानातिना कुरामा शंका गर्न छोड्नुपर्छ । नेपालले भारतलाई विश्वासमा लिएर नै अन्य देशसँगको सम्बन्ध बढाउनुपर्छ ।

चीनसँग आर्थिक सहायता लिँदा भारतले शंका गर्नुभएन वा अलिकति फरक पर्दा कहिले भारततिर ढल्किएको वा कहिले चीनतिर ढल्किएको भन्ने आशंका हुने वातावरण अन्त्यका लागि मानसिकतामा परिवर्तन गर्ने हो । भारतले पनि पुरानो फ्रेमवर्कमा नेपाल हेर्न हुँदैन । भारतले भुटानसँगको सम्बन्धमा ०७७ मा केही फेरबदल गरेको छ । नेपालसँग भारतको विशेष सम्बन्ध छ । विशेष सम्बन्धका नाममा भारतले नेपालमा हेर्न दृष्टिकोण पुरानो राख्नुहुँदैन ।

अघिल्ला सम्झौता कार्यान्वयन

हरेकपटक प्रधानमन्त्रीको भारत भ्रमणमा विभिन्न परियोजनामा सहमति हुन्छ । धेरै सम्झौतामा त पुराना परियोजनालाई कार्यान्वयन गर्ने हुन्छ । तर, ती परियोजनाले गति लिएका छैनन् । कतिपय परियोजना नेपालका कारणले रोकिएको छ भने कतिपय भारतीय कारण रोकिएको छ । जस्तो हुलाकी राजमार्गको निर्माणका दुवै देशको समस्या छ ।

राजनीतिक भाषणबाजी होइन सन्तुलित र ठन्डा दिमागले सोचेर परराष्ट्र सम्बन्ध विकास गर्नुपर्छ । नेताहरूले राजनीतिक नारा र भावावेगमा आएर बोल्नेभन्दा पनि परराष्ट्र नीति भनेको सहयोगात्मक सम्बन्धका आयामहरूको विकास हुनुपर्छ ।

नेपालले समयमा जग्गा अधिग्रहण गरिदिएको छैन भने भारतले ठेक्का दिएका कतिपय कम्पनीले काम गर्न सकेका छैनन् । त्यस अर्थमा हुलाकी राजमार्ग निर्माणमा दुवै देशको समस्या देखिन्छ । प्रधानमन्त्री ओलीको भ्रमणमा त्यो समस्या समाधान हुनुपर्छ जसले गर्दा तराईका जनताले राहत पाउनेछन् र नेपालको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्नेछ ।

यस्तै समस्या माथिल्लो कर्णालीमा देखिएको छ । भारतीय कम्पनीले स्रोत जुटाउन नसकेको कुरा छ । महाकाली सन्धिपछिको पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाले गति लिन सकेको छैन । साथै, चारवटा एकीकृत भन्सार पोस्टको विकासमा पनि प्रगति हुन सकेको छैन । समकक्षी मोदीसँग प्रधानमन्त्री ओलीले यो समस्यालाई राखेर परियोजनालाई समयमा सम्पन्न गर्नेबारेमा सहमति जुटाउन आवश्यक छ । त्यसका लागि समयसीमा तोक्न आवश्यक छ ।

अर्थात् फास्ट ट्र्याकमा परियोजना सम्पन्न गर्दा रामो हुन्छ नयाँ परियोजनामा सम्झौता गर्नुभन्दा । त्यति मात्र होइन, पुराना परियोजना निर्माणले गति लिएका छैनन् भने अर्कातिर परियोजनाको व्यवस्थापनमा पनि समस्या छ । सम्झौतामाथि सम्झौता गरेर परियोजनाको संख्या थपिनुले नेपालको अर्थतन्त्रमा तात्विक फरक पार्दैन । तर, पुराना परियोजना निर्माण सम्पन्न हुने र उचित व्यवस्थपान हुन सकेको खण्डमा समृद्धिका नारालाई टेवा पुग्छ ।

नेपालको समस्या नै यही छ कि नयाँ सम्झौता गर्ने, तर पुरानाको मूल्यांकन नै नगर्ने । अनि प्राथमिकता पनि तय हुँदैन । पानीजहाज चलाउने कुरा अहिले प्राथमिकता होइन बरू पहिला प्रधानमन्त्रीले भनेझैं तुइन विस्थापन प्राथमिकता हो । गाउँलेले डोकोमा पानी बोक्ने कष्टबाट मुक्ति चाहिएको छ । धनकुटा बजारमा नै पिउनेपानी संकट छ । त्यो संकटबाट उन्मुक्ति खोजेका छन् स्थानीयले । विद्यायलमा शिक्षक छैनन्, स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी छैनन् । यी समस्या अहिलेको प्राथमिकता हुन् ।

सीमा व्यवस्थापन

नेपाल र भारतको सीमा विवाद निरन्तर चलिरहेको छ । स्थानीय स्तरमा दुई छिमेकीबीच कस्तो सम्बन्ध छ भन्ने नबुझी नेपालमा राजनीतिक नाराका रूपमा पनि सीमा विवाद उठाउने गरिएको छ । हामीले नेपाल र भारतको सीमा सम्बन्धमा अध्ययन गरेका थियौं र त्यसलाई पुस्तकका रूपमा प्रकाशन पनि गरेका छौं ।

त्यसबाट थाहा भएको कुरा के हो भने सीमा विवाद एकातर्फबाट मात्र समस्या छैन, दुवै देशबाट समस्या छ । सीमा क्षेत्रमा के भएको हो भन्ने जानकारी नहुँदै नेपालमा समाचार आउँछ र राष्ट्रवाद जागिहाल्छ । प्रधानमन्त्री ओलीको अहिलेको भ्रमणले यो सीमा विवादलाई सदाका लागि अन्त्य गर्न प्रयत्न गर्नुपर्छ । यो विवाद निरन्तर भइरहनु राम्रो होइन । त्यसका लागि सूक्ष्म रूपमा सीमा व्यवस्थापनमा जोड दिनुपर्नेछ । यही मुद्दासँग जोडिएको विषय हो कि जलस्रोत र डुबान । प्रधानमन्त्री ओलीले जलस्रोतको विषयमा ध्यान दिन जरूरी छ । नेपालका नदीनालाको बहाव तराईतिर हो । त्यसले भारतको उत्तरी सीमा क्षेत्रमा समस्या सिर्जना गर्छ भनेर उसले बाँध बाध्ने गरेको छ । त्यसले तराईमा डुबान पनि हुने गरेको छ । यो विषयमा पनि प्रधानमन्त्रीले सहमति खोज्न जरूरी छ ।

सुरक्षा चासो

भारत र चीनको सुरक्षा चासो निकै छ । नेपालसँग जोडिएको यो सुरक्षा चासो र चिन्ताको विषयमा नेपालले गम्भीरतापूर्वक सोचिदिनु आवश्यक छ । त्यसको अर्थ नेपालको सुरक्षा चासो र चिन्ताको विषयमा पनि उनीहरू गम्भीर भइदिनुपर्छ । नेपालमा केही समस्या पनि हुने गरेको छ कि कहिले भारतर्नजिक देखिने र कहिले चीननजिक देखिने ।

नेपालले चीननजिक देखिएर भारतविरूद्ध खेल्ने काम गर्नुहुँदैन र भारतर्नजिक देखिएर चीनविरूद्ध खेल्न हुदैन । नेपालको समृद्धिका लागि दुवै देशबाट आर्थिक सहायता लिनुपर्छ । त्यसका लागि उनीहरूमा विश्वासको वातावरण नेपालले दिलाउन सक्नुपर्छ । अर्थात् जहाँबाट सहयोग लिए पनि उनीहरूले अविश्वास गर्ने वातावरण नहोस् ।

त्यसका साथै, उनीहरूले पनि नेपालमाथि अनावश्यक चासो दिनुभएन । र परम्परागत दृष्टिकोणबाट माथि उठेर उदार दृष्टिकोण हुनुपर्छ । त्यसकारण भन्ने गरिएको हो कि भारत र चीनसँग नेपालको सम्बन्ध समुद्री होइन प्रोक्सिमिटीको हुनुपर्छ । र त्यो सम्बन्ध सहयोगात्मक सम्बन्ध हुनुपर्छ ।

(प्रा.डा. बराल पूर्वराजदूत हुन्)

(साभार : नयाँपत्रिका)

जिल्ला समाचार

सम्बन्ध नयाँ उचाईमा पुग्ने विश्वास

बारा । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल र भारतबीचको सम्बन्ध नयाँ उचाईमा पुग्ने विश्वास व्यक्त गरेका छन् । उनले छिमेकी मुलुक भारत नेपालको विकासमा सहयोगी भूमिका निर्बाह गर्न तयार रहेको बताए । जितपुर सिमरा उपमहानगरपालिका-४ औराहामा निर्माण हुन लागेको गार्मेन्ट प्रशोधन केन्द्रको आज शिलान्यास गर्दै प्रधानमन्त्रीले सो कुरा बताएका हुन् । साथै उनले भारतसँगको नेपालको सम्बन्ध नयाँ ढंगबाट अघि बढ्ने बताएका छन् । औराहामा निर्माण हुन लागेको सो प्रशोधन केन्द्र ८४३ बिगाह क्षेत्रफलमा फैलिएको छ । नेपाल सरकारको विशेष आर्थिक क्षेत्र प्राधिकरण कार्यक्रमअन्तर्गत करीब रू १० अर्ब को लगानीमा सो केन्द्र निर्माण हुन लागेको हो ।

मुख्यमन्त्री र भारतीय राजदूतबीच भेटवार्ता

धनगढी । प्रदेश नम्बर ७ का मुख्यमन्त्री त्रिलोचन भट्टसँग नेपालका लागि भारतीय राजदूत मञ्जिव सिंह पुरीले शिष्टाचार भेट गरेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढीमा भएको भेटमा मुख्यमन्त्री र भारतीय राजदूतबीच गौरीफंटा र झुलाघाट नाकाको स्तरोन्नतिको विषयमा छलफल भएको जनाइएको छ । प्रदेश नं ७ लाई भारतसँग जोड्ने यी पुराना नाका भएपनि स्तरोन्नति हुन सकेका छैनन् । कृषि क्षेत्रमा अगाडि रहेको भारतको कृषि प्रविधि भित्र्याउन सके प्रदेश नं ७ को कृषि क्षेत्रमा पनि प्रगति गर्न सकिने विषयमा छलफल भएको मुख्यमन्त्री भट्टले बताए ।

विवेकशील साझाको संयोजक चयन

बुटवल । विवेकशील साझा पार्टीले प्रदेश नं ५ को संयोजकमा समाजसेवी तथा व्यवसायी अनुपमान सैंजुलाई चयन गरेको छ । शुक्रबार बुटवलमा पार्टीका संयोजकद्वय रवीन्द्र मिश्र तथा उज्वल थापा, प्रदेश ६ र ७ का संयोजक क्रमशः गेहेन्द्र दाहाल र गोपाल हमाल तथा सङ्गठन विभागका प्रमुख मुमाराम खनालको उपस्थितिमा आयोजित एक कार्यक्रममा सैंजुको नाम सार्वजनिक गरिएको हो । ४८ वर्षीय अनुपमान सैंजु नेपाल जेसीसका निर्वाचित पूर्वराष्ट्रिय अध्यक्ष तथा १२५ देशमा फैलिएको र संसारभरि एक लाख ७० हजारभन्दा बढी सदस्य रहेको अन्तर्राष्ट्रिय जेसीसका निर्वाचित पूर्वउपाध्यक्ष हुन् । उनी आफ्ना बुबा प्रतिष्ठित समाजसेवी गणेशमान सैंजुद्वारा स्थापित सिद्धबाबा दुर्गा भवानी शिवकुमारी सैंजु बृद्धाश्रमका संरक्षक पनि हुन् ।

महानगरद्वारा पुनः छाडा चौपाया नियन्त्रण सुरू

वीरगंज । वीरगंज महानगरपालिका कार्यालयले नगरभित्र अनियन्त्रित छोडिएका छाडा चौपाया नियन्त्रण अभियानलाई निरन्तरता दिंदै शुक्रबार वीरगंजको विभिन्न स्थानहरूबाट पुनः छाडा चौपायाहरू नियन्त्रण गरी कारवाहीको प्रक्रिया अगाडि बढाएको छ । सुरक्षित सडक सवारी सञ्चालनका लागि विशेष अभियान चलाई नगरभित्र छाडा छोडिएका चौपाया नगर प्रहरीहरूद्वारा नियन्त्रणमा लिने अभियानलाई महानगरपालिकाले निरन्तरता दिएको हो । महानगरपालिकावाट खटिएको नगर प्रहरीहरूले आज वीरगंजका विभिन्न स्थानहरूबाट लगभग आधा दर्जन छाडा छोडिएका चौपायाहरू नियन्त्रणमा लिएर कारिवाहीको प्रक्रिया अगाडि बढाएको छ । महानगरभित्र गाई, भैसी, गोरू, बाछा, सुंगुर, सांडे जस्ता पशुहरू छाडा छोड्दा सवारीसाधन सञ्चालनमा बाधा उत्पन्न भई सडक जाम हुने समस्या बढे पछि महानगरपालिकाले पुनः छाडा चौपाया नियन्त्रण गर्ने काम सुरू गरेको महानगरपालिकाका वरिष्ठ अधिकृति सुमन श्रेष्ठले जानकारी दिए ।

किशोरीहरूका लागि निःशुल्क कम्प्युटर तालिम

रौतहट । गौर नगरपालिका वडा नम्बर ४ को आर्थिक सहयोगमा युवा विकास केन्द्र गौरले वडा नम्बर ४ का किशोरीहरूका लागि निःशुल्क कम्प्युटर तालिमको शुरूवात गरेको छ । सोमवार आयोजक संस्थाका अध्यक्ष प्रविण टिबडेवालको अध्यक्षतामा सो तालिमको वडा नम्बर ४ का वडा अध्यक्ष भुवनेश्वर शाहिले रिबन काटि उद्घाटन गरेका छन् । गौर नगरपालिका वडा नम्बर ५ मा रहेको संस्थाको तालिम कक्षमा सम्पूर्ण सहभागीहरू बिच एक कार्यक्रम आयोजना गरि तालिमको शुभारम्भ गरिएको थियो । पछिल्लो समय रौतहट जिल्लाको विभिन्न भागमा निजि तथा सरकारी बैंक, विधालय,सहकारी संस्था लगायत अन्य रोजगारीका अवसरहरू सिंजणा हुने क्रम बढदै गएको तथा सो स्थानहरूमा रोजगारीको राम्रो अवसर हुन सक्ने संभावनालाई ध्यानमा राख्दै कम्प्युटर तालिमको सुरूवात गरिएको वडा नम्बर ४ का वडा अध्यक्ष भुवनेश्वर शाहिको भनाई रहेको छ ।

जनकपुर चुरोट कारखाना पुनः सञ्चालनका लागि सहयोग गर्न आग्रह

जनकपुरधाम । भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले जनकपुर चुरोट कारखाना पुनःसञ्चालनको वातावरण निर्माणमा सहयोग गर्न प्रदेश सरकारसँग आग्रह गरेका छन् । धनुषाको मिथिला नगरपालिका र बटेश्वर गाउँपालिकामा शनिबार आयोजित स्वागत सम्मान समारोहमा उनले सो आग्रह गरेका हुन् । प्रदेश सरकारले कारखाना परिसरमा सञ्चालन गरिहेका कार्यालय र आवासलाई कारखानाभन्दा अन्यत्र व्यवस्थापन गर्न आग्रह गर्दै उनले जनकपुर चुरोट कारखाना पुनः सञ्चालन गर्न सरकारले गृहकार्य गरिहेको जनाए । मन्त्री महासेठले जानकी मन्दिरलाई विश्व सम्पदामा सूचीमा सूचीकृत गराउने कार्य अन्तिम चरणमा पुगिसकेको बताउँदै जमुनीवास-बटेश्वर हुँदै कुर्थासम्म सडक निर्माणका लागि लागत खर्च र नापीको काम भइरहेको जानकारी दिए ।

दुःख पोख्न आएका पीडितलाई गाउपालिका जान प्रजिअको सुझाव

राकेश यादव, रौतहट । गएको साउन महिना आएको विनाशकारी बाढीबाट घरबार गुमाएका रौतहटको दुर्गा भगवती गाउँपालिका ५ बडहर्वाका बाढीपिडितहरू क्षतिपुर्ती नपाउदा बुधवार प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएका छन् । साउनको अन्तिम सातामा आएको विनाशकारी बाढीबाट सबै भन्दा दुर्गा भगवती गाउँपालिकाको वडा नम्बर ५ बडहर्वाका बासिन्दाहरू जोखिममा परेका थिए । करिव ३५० परिवारको घर पूर्ण रूपमा क्षति हुँदा उनीहरूको उठीवास भई महिनौं सम्म बागमती नदीको बंधिमा पाल मुनी बसेका महिलापुरूषहरू आज सम्म पूर्णक्षति बापतको राहत पाउन नसकेपछि प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएका हुन् । राजपाका महिला नेतृ पुष्पा सिंहले बाढी पिडित जनताको नाममा आएका राहत एवं नेपाल सरकारबाट घोषणा भएका पूर्ण क्षति र प्रति दिन ७० रूपैयाको दरले पाउनु पर्ने रकम नपाउदा पिडित जनता थप पिडामा परेको गुनासो गरे । उनले स्थानीय निकायको गठन भएपनि बडाध्यक्षको कांखापाखाको कारण वास्तविक पिडितहरू अझै राहत पाउनबाट बंचित रहेको अवस्थामा बाध्य भएर प्रजिअलाई गुहारेको बताइन् ।

काठमाडौं गोल्डेन्सद्वारा अत्तरिया पराजित

धनगढी । रूस्लान धनगढी प्रिमियर लिग (डिपिएल) क्रिकेटप्रतियोगिताअन्तर्गत आजको दोस्रो खेलमा काठमाडौं गोल्डेन्सले सिवाइसी अत्तरियालाई ११ रनले पराजित गरेको छ । कैलालीको धनगढीस्थित संघीय प्रहरी एकाइ कार्यालयको मैदानमा काठमाडौं गोल्डेन्सले टस जितेर ब्याटिङ गरेको थियो । निर्धारित २० ओभरको खेलमा काठमाडौंले नौ विकेट गुमाउँदै एक सय ३७ रन बनायो । एक सय ३८ रनको विजय लक्ष्य पछ्याउने क्रममा अत्तरियाले आठ विकेट गुमाउँदै मात्र एक सय २६ रन बनायो । काठमाडौं गोल्डेन्सका लागि कप्तान ज्ञानेन्द्र मल्लले ५७ रन बनाए । उनले ४३ बलमा तीन छक्का र चार चौका प्रहार गरे । नरेश बुहाऐरले १७ बलमा दुई छक्का र दुई चौकासहित २७ रन बनाए । रशिद खानले नौ बलमा १६ रन बनाए ।

क्यान्सर

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।

क्यान्सर रोग चेतावनीका चिन्हहरू :

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनक्रया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनावारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित वृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू

टी-ट्वान्टी क्रिकेट टुर्नामेन्ट हुँदै

जनकपुरधाम । काठमाडौंपश्चात धनुषा जिल्ला क्रिकेट संघको जनकपुर रंगभूमि मैदानमा तेश्रो दिपक गुप्ता मेमोरियल टी-ट्वान्टी क्रिकेट टुर्नामेन्टको तयारी तीव्र गतिमा भइरहेको छ । सो टुर्नामेन्टबारे जानकारी दिन शनिवार आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष हिरा भगतले पहिलो, दोश्रो संस्करणमाथि प्रकाश पार्दै यहि बैशाख ७ गतेदेखि हुन लागेको तेश्रो संस्करणमा हालसम्मको सबभन्दा बढी लगानी (खर्च) रहेको जानकारी दिए । उनले खेलप्रेमी र विभिन्न प्रायोजकहरूलाई सहयोगका लागि खुलेर अगाडी आउन आग्रह गरेका हुन् ।

नेपालका विभागीय टोलीहरू लगायत र भारतका २ वटा क्रिकेट क्लब गरी जम्मा ८ वटा टिमलाई सहभागी गराउने निश्चित भएको जानकारी गराउँदै राष्ट्रिय स्तरको यस टुर्नामेन्टले अनुपातिक हिसाबमा पाउनु पर्ने ख्याती र यसप्रति विभिन्न पक्षको सकारात्मक सहयोगको अपेक्षा गर्नुको साथै युवा खेलकुद र खेलाडीको मनोबल बृद्धिका लागि सम्पूर्णसँग टुर्नामेन्ट संयोजक सरोज मिश्रले आग्रह गरेका थिए ।

त्यस्तै, खेलको नियमावलीबारे र टाईसिट रे प्रशिक्षक नविन सिंहले जानकारी गराउँदै ८ वटा टिमलाई २ वटा पुलमा बाडेर पुल ए र बी गरि खेल हुने बताए ।

महिला आवाज

महिलाहरूको क्षमतामा होइन, अवसरको प्राप्तिमा समस्या छ

सुनिता साह

(सदस्य, मधेश प्रदेश समिति, संघीय समाजवादी फोरम नेपाल)

० अहिले राजनीतिमा महिलाको अवस्था कस्तो पाउनुहुन्छ ?

– समग्रमा राजनीतिमा महिलाको अवस्था भन्नुपर्दा महिलालाई कानूनले दिएको ३३ प्रतिशत तर व्यवहारमा लागू नभएको हामी अनुभव गरिरहेका छौं। अहिलेपनि ३३ प्रतिशत त्याउने र बराबरीमा सम्मान दिने भनिएपनि व्यवहारमा अहिलेसम्म पुरा गरिएको छ जस्तो हामीलाई लाग्दैन ।

० नयाँ संविधानले महिलाको समानुपातिक समावेशिताको व्यवस्था गरेपनि राजनीतिक दलहरूले महिलालाई आरक्षण दिएको या समावेश गरेको छैन ?

– अहिले महिलालाई समानुपातिक समावेशिता दिनु भनेको उखान जस्तै लाग्छ । आरक्षण किन चाहियो, हामीलाई त प्रत्यक्ष र बराबरीमा चाहिएको हो । जनसंख्याको आधारमा हेर्दा पनि पुरूषभन्दा महिला नै धेरै हुनुहुन्छ । हामी आरक्षण किन लिने ? के हामीसंग सक्षम महिलाहरू छैनन् र ? पक्कै पनि हुनुहुन्छ । कोटा पुरा गर्नका लागि मात्र गरेको जस्तो लाग्छ । महिलालाई समावेशी गर्ने तरिकामा पनि मेरो चित्त बुझेको छैन । यसका लागि प्रत्यक्षमा नै महिला र पुरूष बराबरी गराउनुपर्छ । आगामी दिनहरूमा यसप्रति ध्यान जाओस् भन्ने हाम्रो आग्रह रहेको छ ।

० महिलालाई समावेशीकै लागि मात्र समावेश गराउने क्रम रह्यो, निर्वाचनकै क्रममा पनि तपाईंकै पार्टीले महिलालाई खासै टिकट दिएन, किन यस्तो भएको होला ?

– पहिलो चरणमा असक्षम, अयोग्य र हाम्रो पुरूषवादी समाज रहेकोले त्यसमा महिलालाई राजनीतिमा समावेश गर्न अलि असहज नै भएको होला । चुनावमा पनि प्रत्यक्षमा प्रायः सबै पार्टीबाट पुरूषलाई नै प्राथमिकता दिएको पाइयो । उपमेयरमा महिलालाई बाध्यतावश दिएको हो । महिलाहरू प्रमुखको पदमा सक्षम भए पनि उहाँहरूको सोच नै आफैमा बराबरीमा हुनुपर्छ भन्ने देखिएन । त्यसका लागि उहाँहरू उदार हुनुपर्छ । अबको दिनमा महिला प्रमुख र पुरूष उपप्रमुख हुनुपर्छ । नभए त बराबरी नै भएन नि । कानुनमा त जुन क्षेत्रमा महिला सक्षम, योग्य छन् उसैलाई प्राथमिकता दिने भन्ये, तर आरक्षण बाहेक अन्य ठाउँहरूमा महिलालाई दिन चाहेनन् । यसबाट पनि अन्याय भएको जस्तो आभाष भएको छ । महिला र पुरूष एकै गाडीको दुई पांग्रा भन्छन् । यदि दुईवटा पांग्रा नै समान भएन भने गाडी कसरी चल्छ, त्यो पनि हेर्नुपर्ने हुन्छ । त्यसकारण अबका दिनहरूमा हरेक क्षेत्रमा प्रमुख पदमा महिला र पुरूष बराबर होस् । यसरी नै समानुपातिक समावेशिता हुन्छ र देश पनि समृद्ध बन्छ । अको कुरा बंशअंशमा छोरासरह छोरी कानुनमा भनिएपनि व्यवहारमा भएको पाईदैन । जसरी अहिले शौचालय बनाएन भने सेवा सुविधाबाट वञ्चित गरिनेछ भनेर कानुनमा उल्लेख भएको छ त्यसरी नै छोरासरह छोरीको पनि बंशअंशमा समान अधिकार गरिनुपर्ने भनेर कानुनमा उल्लेख भयो भने छोरा र छोरी, महिला र पुरूष समान हुन्छ ।

० महिला सशक्तिकरणका लागि के गर्न आवश्यक छ ?

– महिला सशक्तिकरणको लागि सर्वप्रथम त शिक्षा नै अति आवश्यक हो । सरकारबाट छोरीले आफूले चाहेजतिको निःशुल्क शिक्षाको व्यवस्था गरिनुपर्दछ । जो पढेलेखेका छैनन् उनीहरूको लागि पनि शीपमूलक, आर्थआर्जनमूलक कार्यक्रमहरू ल्याउंदा उनीहरू पनि सक्षम हुन सक्छन् । नेपालको आर्थिक अवस्था एकदम जर्जर अवस्थामा छ । जसले गर्दा महिला हिंसा, घरेलू हिंसा आदिको बारेमा हामीले दैनिक सुन्दै आइरहेका छौं । त्यसको निदान गर्नका लागि महिलालाई शिक्षा, आर्थिक र राजनीतिमा पनि बिभिन्न कार्यक्रम ल्याएर सक्षम बनाउनमा जोड दिनुपर्छ ।

० प्रदेश २ को सरकारले 'बेटी पढाउ, बेटी बचाउ' भन्ने योजना ल्याएको छ, यसलाई कुन रूपमा लिनुभएको छ ?

– अहिले बिभिन्न माध्यमहरूबाट महिला सशक्तिकरणका कार्यक्रमहरू ल्याउनुभएको छ । यो एकदम राम्रो छ तर कतिपय कार्यक्रमहरू सच्चाउंदा राम्रो हुन्छ । जस्तै बेटी बचाऊ, बेटी पढाऊ अभियान त दिनुभयो तर जब बेटी नै बाच्न सक्दैन भने को पढ्ने ? त्यसकारण पहिले त बेटी बचाउनुपर्यो । सुरक्षा दिनुपर्यो । त्यो भने भैरहेको छ जस्तो लाग्दैन । यदि सुरक्षा कडा हुन्थ्यो भने दिनप्रतिदिन महिला हिंसा, भ्रुण हत्या, जिउँदै जलाइएका जस्ता घटना सुन्न पर्दैनथ्यो । त्यसकारण सरकारबाट महिला सुरक्षा कडा भएको जस्तो लाग्दैन । त्यसकारण पहिले बचाउनुपर्यो त्यसपछिका नीतिहरू लागू गर्न सके राम्रो हन्थ्यो ।

० 'बेटी पढाउ, बेटी बचाउ' अभियानलाई सफल बनाउन के-के गर्नुपर्ने हुन्छ ?

– सर्वप्रथम त सरकारले यो अभियानलाई सफल बनाउनका लागि समाजमा रहेका कुरिती, विकृति र विसंगतिहरूलाई अन्त्य गर्नुपर्छ । समाजमा विद्यमान रहेका कुप्रथाहरू जसले गर्दा महिला हिंसा हुने गर्दछ, त्यसलाई रोक्न कानूनको प्रयोग कडाईका साथ हुनु आवश्यक छ । अर्को कुरा, समाजमा सबभन्दा डरलाग्दो अवस्था के छ भने लागूऔषध । आफ्नै गाउँघरमा छोरी/बेटीहरू सुरक्षित महसुस गरिरहेको अवस्था छैन । जाँडरक्सी पनि समाजको एउटा चुनौतीको रूपमा रहेका छन् । यसलाई पनि नियन्त्रण गर्नुपर्छ ।

० तपाईं फोरम नेपालका मधेश प्रदेश समिति सदस्य हुनुहुन्छ, प्रदेश २ को समृद्धिका लागि के गर्नुपर्छ ?

– अहिले प्रदेश २ मा फोरम र राजपा नेपालको संयुक्त सरकार छ । त्यो सरकारले सार्वजनिक गरेको प्रतिबद्धता र सयदिने कार्ययोजना अत्यन्तै सराहनीय छ । तर, अहिलेको अवस्थामा के देखिएको छ भने सरकारका मन्त्रीहरू र मुख्यमन्त्री आफै पनि ऐन कानूनहरू निर्माण गर्नुभन्दा सभा, गोष्ठी र उद्घाटन समारोहहरूमा व्यस्त देखिनु भएको छ । सरकारले आफूले ल्याएको कार्ययोजना अनुसार प्रतिबद्ध भएर लागू गर्नुपर्छ । त्यसपछि मात्रै प्रदेशको समृद्धि सम्भव छ । प्रतिबद्धता र कार्ययोजना जतिसुकै राम्रो भएपनि त्यसको कार्यान्वयन भएन भने त्यसको कुनै मतलब नै हुँदैन ।

रायलाई भिसा दिन पाकिस्तानद्वारा अस्वीकार

काठमाडौं । साउदी अरबको जेलमा बन्दी जीवन बिताइरहेका धनुषा कमलामाइ नगरपालिकाका उमेश यादवको रिहाइका लागि पहल गरिरहेका सामाजिक अभियन्ता सरोज राय पाकिस्तान जानबाट वञ्चित भएका छन् ।

साउदीमा काम गर्दै गर्दा एक पाकिस्तानी नागरिकको हत्याको अभियोगमा पक्राउ गरेका यादवको रिहाइका लागि मृतक पाकिस्तानी नागरिकका परिवारसंग ब्लड मनिको विषयमा कुरा गर्न पाकिस्तान जान लागेका रायलाई नेपालस्थित पाकिस्तानी दूतावासले भिसा उपलब्ध

नगराउँदा उनी पाकिस्तान जान वञ्चित भएका हुन् ।

रायलाई भिसा दिन काठमाडौंस्थित पाकिस्तानी दूतावासले अनेक झमेला गर्दै भिसा उपलब्ध गराउन चासो लिएको छैन । दूतावासले सुरूमा भिसका लागि आवश्यक कागज पत्र पररराष्ट्र मन्त्रालयबाट झिकाउन भने पनि त्यसपछि अनेक बहाना बनाउँदै भिसा दिन अस्वीकार गरेको हो ।

यसैबीच बन्दी जीवन बिताइरहेका यादवको रिहाइका लागि रायलाई पाकिस्तानका अन्य सामाजिक अभियन्ताहरूले सहयोग गर्ने बचन दिएको रायले बताए ।

प्रधानमन्त्रीको भ्रमण तालिका

चैत २३ -विहान ९बजे त्रिभुवन बिमानस्थलबाट दिल्लीका लागि उड्ने

-इन्दिरा गान्धी अन्तर्राष्ट्रिय बिमानस्थल झरेपछि सिधै राष्ट्रपति भवन पुग्ने

-केहीबेरको आरामपछि भारतीय उद्योगी व्यवसायीसँग अन्तर्क्रिया हुने । नेपालमा लगानीबारे इन्डिया फाउन्डेसन तथा भारतीय उद्योग वाणिज्य महासंघ (फिक्की)द्वारा आयोजित बेस्लाबेस्लै कार्यक्रमलाई सम्बोधन गर्ने

-कार्यक्रमपछि दिवाभोजमा सहभागी हुने

-भारतीय राजनीतिक दलका नेताहरूले राष्ट्रपति भवनमै प्रधानमन्त्री ओलीलाई भेट्ने, भारतीय कांग्रेसका अध्यक्ष राहुल गान्धी, भाजपाका शीर्ष नेता, भारतीय कर्म्युनिष्ट पार्टी मार्क्सवादीका महासचिव सीताराम यचुरी, पूर्वसांसद डीपी त्रिपाठी र अन्य साना दलका नेताले भेट्ने ।

-साँझ बाह्रबजेबारोडस्थित नेपाली दूतावासमा नेपाली समुदायसँग भेटवार्ता गर्ने

-नेपाली दूतावासले प्रधानमन्त्रीको सम्मानमा एक होटलमा आयोजना गर्ने रात्रीभोजमा सहभागी हुने, रात्रीभोजमा दिल्लीस्थित कूटनीतिक र राजनीतिक समुदाय पनि सहभागी हुने, दूतावासले भारतका प्रधानमन्त्रीदेखि राजनीतिक दलका शीर्ष नेता, पूर्वमन्त्री, नेपालका लागि पूर्वराजदूतलगायत आमन्त्रित

२४ चैत -विहानै राष्ट्रपति भवनमा समकक्षी नरेन्द्र मोदीले प्रधानमन्त्रीलाई स्वागत गर्ने र केहीबेर वार्ता हुने

-भारतीय सेनाले उच्च सैनिक गार्ड आफ अनर दिने

-भारतका राष्ट्रपति रामनाथ कोबिन्द तथा उपराष्ट्रपति बैंकया नायडुसँग शिष्टाचार भेट हुने

-त्यसपछि प्रधानमन्त्री ओली राजघाटस्थित महात्मा गान्धीको समाधिस्थल सहभागी हुने, राजघाटमा महात्मा गान्धीको समाधीस्थलमा दीप प्रज्जवलन गर्ने

-हैदराबाद हाउसमा सुरूमा ओली र मोदीबीच वन टु वन वार्ता हुने, लगत्तै प्रतिनिधि मण्डलका सदस्यसहितको उपस्थितमा छलफल हुने

-छलफलपछि दुई देशबीच हुने सम्झौता तथा पत्रआदनप्रदान सम्बन्धी कार्यक्रम हुने

-संयुक्त पत्रकार सम्मेलन गरेर सम्झौताबारे जानकारी दिने, पत्रकार सम्मेलनलाई ओली र मोदीले सम्बोधन गर्ने

-हैदराबाद हाउसमै दिवाभोजमा सहभागी हुने

-साँझ विदेशमन्त्री सुष्मा स्वराज, गृहमन्त्री राजनाथ सिंह र वित्तमन्त्री अरूण जेट्लीले बेस्लाबेल्लै शिष्टाचार भेट गर्ने

२५ चैत-हेलिकोप्टरमा दिल्लीबाट उत्तराखण्डको पन्तनगरस्थित गोविन्द बल्लभ पन्त कृषि विश्वविद्यालयको भ्रमणमा जाने

-साँझ दिल्लीबाट स्वदेश फर्किने

ओलीको भारत...

गर्नुपर्छ । तर यी सबै गर्नका लागि समस्या छ त नेपालका राजनीतिक शक्तिमै, शक्ति आर्जनका लागि आफैं प्रो-इन्डियन अथवा प्रो-चाइनाका रूपमा अगाडि आउँदा छिमेकीले नेपालको राज्य प्रणालीप्रति विश्वास गर्न सकेको अवस्था छैन । त्यसैले दक्षिण र उत्तरतिर फर्किएका नेपालका राजनीतिक दलहरूकै कारण नयाँ सरकार आउने बित्तिकै कहिले कुन छिमेकी दंग पर्छ त कहिले कुन हिस्स । नेपालले कुनै छिमेकीको कुमलो चिताउने र एक छिमेकीसंग नजिक र अर्कोसंग टाढिने गर्नुहुँदैन र कुनै पनि नाममा कुनै पनि छिमेकीको परिवन्दमा समेत पर्नुहुँदैन । तर ख्याल के पुऱ्याउनुपर्छ भने एउटा छिमेकीसंग सहकार्य गर्दा अर्कोलाई चिढाउने अथवा उसको सुरक्षा संवेदनशीलतालाई बेवास्ता गर्ने गर्नुहुँदैन ।

छिमेकीका लगानीमा सञ्चालित परियोजनामा राष्ट्रिय सहमति तयार गर्नुपर्छ । जसले गर्दा राष्ट्रिय राजनीति नै दुई छिमेकीको पक्षमा ध्रुवीकृत भएर नेपालको भूराजनीतिक सन्तुलन गुमेर नेपाली भूमि रणनीतिक खेल मैदानमा परिणत नहोस् ।

अतः नेपालले यतिखेर स्थिर सरकार पाएको छ । साथै आर्थिक, राजनीतिक रूपमा उदीयमान छिमेकीको बीचमा अवसर र चुनौती दुवै लिएर उभिएको छ । यसैले यो समयमा, हाम्रा छिमेकी कस्ता छन् ? तिनीहरू हामीसंग कस्तो व्यवहार गर्छन् ? त्यसले हामीलाई कस्तो चुनौती र अवसर खड़ा गरेको छ ? उनीहरूका नेपालप्रतिको चासो केके हुन् भन्ने यी विषयमा नेपालले गम्भीर मनन गरेर छिमेकी नीति अगाडि बढाउन सक्नुपर्छ । देशको भूगोलसंग परिचित हुँदै विशाल छिमेकीको सुरक्षा संवेदनशीलतालाई मनन गर्दै आपसी सहकार्यको मोडलमा छिमेकी सम्बन्धलाई अगाडि बढाउन सके छिमेकी सम्बन्धको सन्दर्भमा नयाँ आयामसहितको नयाँ युगको सुरूवात हुनेछ ।

प्रधानमन्त्री केपी ओलीको तीनदिने भारत भ्रमणमा कुनै सम्झौता भन्दा पनि बिगतको तिक्तता मेटाउने लक्ष्य राखिएको कारण यो भ्रमणबाट नेपाल-भारत सम्बन्धलाई नयाँ सिराबाट नयाँ उचाइ दिन सकिने अनुमान गर्न सकिन्छ । तर भारत भ्रमणपछि उनको बिगतको नेपालाई दुवै छिमेकीसँग जोड्ने प्रतिबद्धतामा कस्तो फेरबदल आउला ? छिमेकीसंगको सम्बन्ध कसरी अगाडि बढ्ला ? त्यो प्रतीक्षाको विषय बनेको छ ।

अन्त्यमा, भारतलाई विश्वासमा लिएर नेपालले लिन सक्ने फाइदा लिनुपर्छ । हिजो जसरी सम्बन्ध चिसो भयो त्यसलाई भने अब राम्रोसंग सुधार गर्न जरूरी छ ।

मित्र फेर्न सकिन्छ, छिमेकी फेर्न सम्भव हुँदैन । नेपाल र भारतको अद्वितीय सम्बन्धका आयामहरूको विकल्प अन्य केही हुन सक्दैन । नेपाल र भारतबीचको सम्बन्ध नै यस्तो छ कि आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक र राजनीतिक सरोकार एक अर्कासँग गाँसिएका छन् । यसका नाकारात्मक पक्ष नभएका पनि होइनन, तर सकारात्मकताको उपयोगमार्फत द्विपक्षीय हित प्रवर्द्धनलाई उद्देश्य बनाइनु पर्छ ।

प्रधानमन्त्रीको भारत भ्रमण सद्भाव भए पनि देशको कार्यकारी प्रमुखको दौडाहा अर्थराजनीतिक अपेक्षा र उद्देश्यबाट निरपेक्ष हुन सक्दैन ।

आर्थिक समाचार

नेपाल लाइफ र एभरेष्टबीच बैंकासुरेन्ससम्बन्धी सम्झौता

काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी र एभरेष्ट बैंक लिमिटेडबीच बैंकासुरेन्ससम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका तर्फबाट प्रमुख कर्पोरेट मार्केटिंग पवन कुमार खड्का र एभरेष्ट बैंक लिमिटेडका तर्फबाट नायब महाप्रबन्धक केशव राज पौडेलले एक कार्यक्रमबीच हस्ताक्षर गरे । यो सम्झौतासंगै अब एभरेष्ट बैंक लिमिटेडका नेपालभर रहेका सबै शाखाहरूबाट बैंकका ग्राहकहरूले छिटोछरितो तथा सहज रूपमा बीमालेख प्राप्त गर्न र बीमा शुल्क भुक्तानी गर्न सहज हुनुका साथै, जीवन बीमासम्बन्धी सम्पूर्ण सेवासुविधा प्राप्त गर्न सहजहुने बताइएको छ । कम्पनीले आफ्ना सेवाग्राहीहरू तथा ग्राहकहरूका लागि देशभर फैलिएका आफ्ना १ सय २४ भन्दा बढी शाखा तथा उपशाखाहरूमार्फत जीवन बीमासम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराइरहेको छ ।

एनआईसी एशियाद्वारा भारतबाट इनवार्ड रेमिटेन्स सुरू

काठमाडौं । एनआईसी एशिया बैंक लिमिटेडले एक्सिस बैंक लिमिटेडसँगको सहकार्यमा भारतबाट इनवार्ड रेमिटेन्सको सेवा सुरू गर्ने भएको छ । एनआइसीले एक्सिस बैंक भारतसंग सम्झौता गरि नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त गरेसंगै भारतबाट इनवार्ड रेमिटेन्स सुरू गर्न लागेको हो । उक्त सम्झौता अनुसार एक्सिसको भारतमा अवस्थित ३ हजार ५ सय भन्दा बढि शाखाहरूबाट नेपालमा रहेका आफन्तहरू वा अन्य व्यक्तिहरूले भुक्तानी पाउने गरी पठाएको विप्रेषण रकम यस बैंकका मुलुकभर फैलिएको १ सय ९२ वटा शाखाहरू तथा पाँचहजार भन्दा बढी सहायक प्रतिनिधिहरू मार्फत सरल र सुलभ रूपमा भुक्तानी पाउन सकिने छ । साथै, बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा मुलुकभर गरी १९२ शाखा सहित निजी क्षेत्रको सबैभन्दा बढि शाखा सञ्जाल भएको बैंक बन्न सफल यस बैंक १९३ एटिएम सहित मुलुकके सबैभन्दा बढि एटिएम सञ्जाल भएको बैंक समेत बन्न सफल भएको छ ।

एसईई परीक्षार्थीलाई एनसेलको "पहिलो सिम" योजना

काठमाडौं । एनसेल प्राईभेट लिमिटेडले २०७४ सालको माध्यामिक शिक्षा परीक्षा (एसईई) मा सहभागी भएका परीक्षार्थीहरूका लागि विशेष अफर 'पहिलो सिम' ल्याएको छ । यो योजनाअन्तर्गत परीक्षार्थीले मात्र रू १ मा एनसेलको प्रिपेड सिमको खरिदसँगै सिमको पहिलो रिचार्जमा आईफ्लिक्स भिडियो स्टिमिङ्ग र माइफाइभ सेवाको फाइदा लिन सक्नेछन् । यसका साथैपरीक्षार्थीले विषेश तथा सुलभ डेटा प्याकसँगै हरेक रिचार्जमा बोनस डेटा र एसएमएसको लाभ लिन सक्नेछन् । यो अफर यहि सोमबारदेखि लागु भएको छ । एसईई परीक्षाका परीक्षार्थीले आफ्नो परीक्षा प्रवेश पत्र र आफ्नो आमा वा बाबुको नागरिकताको फोटोकपि बुझाई नजिकैको एनसेल सेन्टरबाट सिम लिन सक्नेछन् । यो योजनाअर्न्तगत सिम खरीद गर्ने परीक्षार्थीले दैनिक ३ घण्टा बेलुका ११ बजेदेखि अर्को दिनको साँझ ५ बजेसम्म आईफ्लिक्समा रहेका सामग्री निःशुल्क हेर्न सक्नेछन् । आईफ्लिक्स विश्वका विकासशील बजारहरूका लागि अग्रणी मनोरञ्जन सेवा प्रदायक हो । परीक्षार्थीले आईफ्लिक्समा रहेका कुनै पनि कार्यक्रम तथा भिडियो हेर्न सक्नेछन् ।

निःशुल्क स्वास्थ्य परीक्षण तथा रक्तदान

धनगढी । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न शाखाहरूबाट विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको महालक्ष्मी विकास बैंक लि. को धनगढी शाखाले गत शनिबार निःशुल्क स्वास्थ्य परिक्षण र रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । बैंकका निवर्तमान संचालक मोतिसिंह धामीको सभापतित्वमा संचालन भएको कार्यक्रममा प्रदेश नं. ७ का आर्थिक मामिला तथा योजना मन्त्रालयका मन्त्री झपट बोहरा प्रमुख अतिथि रहेका थिए । सामाजिक विकास मन्त्रालयमा कार्यरत डा. चेतराज जोशीले सभापति र प्रमुख अतिथिको रक्तचाप जाँच गरि उद्घाटन गरिएको सो कार्यक्रममा १६५ जनाले निःशुल्क स्वास्थ्य परीक्षण र शाखा प्रबन्धक चेतराज पाण्डेय लगायत २६ जनाले रक्तखान गरेका थिए । बैंकले आगामी दिनहरूमा पनि सामाजिक उत्तरदायित्व अन्तर्गत अझ प्रभावकारी कार्यक्रमहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

वसन्त चौधरीको काव्यकृति लोकार्पण

काठमाडौं । कवि वसन्त चौधरीको नौ भाषामा लेखिएको चौथो काव्यकृति 'बसन्त' को लोकार्पण गरिएको छ । कवि तथा उद्योगपति चौधरीको ६० औं जन्मोत्सवका अवसरमा आयोजित कार्यक्रममा उनीद्वारा रचित काव्य नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेती, जनकवि दुर्गालाल श्रेष्ठ, साहित्यकार भुवन दुंगाना, प्राज्ञ प्रा उषा ठाकुर, पण्डित मानबेन्द्र शर्मा, भाषाशास्त्री डा रामावतार यादव, आख्यानपुरूष धुवचन्द्र गौतम, भाषाविद् अमृत योञ्जन र संगीतकर्मी नुपूर भट्टाचार्यले संयुक्त रूपमा लोकार्पण गर्नुभयो । कृति अंग्रेजी, हिन्दी, नेवारी, मैथिली, भोजपुरी, तामाङ, बंगाली र मारवाडी भाषा गरी आठ भाषामा अनुवाद गरिएको छ । लुनकरणदास गंगादेवी चौधरी साहित्यकला मन्दिरको सहकार्यमा प्रकाशित कृति लोकार्पण कार्यक्रममा कुलपति उप्रेतीले नेपाली साहित्य इतिहासमा एक कृतिलाई धेरै भाषामा अनुवाद गरी प्रकाशन गरिएको 'बसन्त' पहिलो कृति भएको जिकिर गर्दै उनका कृतिले पाठकलाई आत्मविश्वास र साहस दिएको बताए ।

नेपाली र भारतीय युवाबीच अनुभव आदानप्रदान

काठमाडौं । युवाको भूमिकाको बारेमा नेपाल र भारतीय पक्षका युवाबीच अनुभव आदानप्रदान गरिएको छ । राष्ट्रिय युवा परिषद्द्वारा काठमाडौंमा भएको कार्यक्रममा दुई देशका युवाबीच अनुभव आदानप्रदान भएको हो । उक्त अवसरमा आ-आफ्नो देशमा युवाले खेलेको भूमिकाको बारेमा एकापसमा अनुभव साटसाट गरेका थिए ।

कार्यक्रममा परिषदका कार्यकारी उपाध्यक्ष माधवप्रसाद ढुंगेलले नेपाल र भारत पक्षका युवाबीच अनुभव आदानप्रदान हुँदा धेरै ज्ञान हासिल भएको बताए । कार्यक्रममा भारतीय युवा तथा खेलकुद मन्त्रालयका उपसचिव जिएस चित्राले नेपाली युवामा क्षमता भए पनि अवसर नपाएको विचार व्यक्त गरे । कार्यक्रममा भारतबाट विभिन्न क्षेत्रमा क्रियाशील ४८ जना युवा अनुभव आदानप्रदान गर्न नेपाल आएका छन् ।

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं